का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ वैशाख २०८२, शनिबार
19 April, 2025 Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ७६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कृषि अनुदान घटाउँदै सरकार

मुलुक संघीयतामा गएसँगै कृषि अनुदानको दायीत्व विकेन्द्रिकृत भएको छ । यही तर्कमा टेकेर संघीय सरकारले वर्तमान कृषि अनुदान व्यवस्थामा पुनरावलोकन गर्दैछ ।






रकम प्रवाहमा प्रभावकारीता ल्याउन अनुदानको सार्वजनकिकरण गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न लाभग्राहीको सूची तयार गरिएको छ ।

■ **रामनाथ अधिकारी**
**कृषि तथा पशुपन्छी विकासमन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ वैशाख ।

सरकारले वर्तमान कृषि अनुदान व्यवस्थामा पुनरावलोकन गर्दैछ । कृषि अनुदानको सदुपयोगका सम्बन्धमा कतिपयले प्रश्न गरिरहेका बेला संघीय सरकारले पुनरावलोकन गर्न लागेको हो । यसमा प्रदेश र स्थानीय सरकारलाई समेत जिम्मेवार बनाउने प्रयासमा रहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

मुलुक संघीयतामा गएसँगै कृषि अनुदानको दायीत्व विकेन्द्रिकृत भएको छ । यही तर्कमा टेकेर संघीय सरकारले वर्तमान कृषि अनुदान कटौती गर्ने गरी पुनरावलोकन गर्न लागेको हो । संघीय सरकारको अनुदान कम भएता पनि स्थानीय र प्रदेश सरकारले थप गर्ने भएकाले किसानले प्राप्त गर्न सक्ने कुल अनुदानमा भने कमी नहुने तर्क गरिएका छन् ।

मन्त्रालयका अनुसार पछिल्लो ५ वर्षमा कृषिको अनुदानमा १ खर्ब ७ अर्व ६६ करोड २७ लाख ८९ हजार रुपैयाँ खर्च भएको छ । त्यसमध्ये प्रत्यक्षतर्फ २० अर्व ३० करोड ३० लाख १४ हजार रुपैयाँ रहेको छ । अप्रत्यक्षतर्फ (अनुदानित रासायनिक मल) ८७ अर्व ३५ करोड ९७ लाख ७३ हजार रुपैयाँ रहेको छ ।

यसको उपलब्धीका विषयमा कतिपयले प्रश्न समेत उठाइरहेका बेला सरकारले यसमा समेत आवश्यक पुनरावलोकन गर्ने गरी कृषि विधेयकको मस्यौदा तयार पारेको छ ।

तयार मस्यौदा मन्त्रालयले कानुनी रायका लागि कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय पठाउनुपर्छ । राज्यलाई पर्ने आर्थिक दायित्वलाई हेरेर अर्थ मन्त्रालयले स्वीकृति दिनुपर्छ । दुवै मन्त्रालयले स्वीकृति दिएपछि मन्त्रिपरिषदमा पुग्नेछ । मन्त्रिपरिषदको विधेयक समितिले विधेयक अगाडि बढाउँछ । मन्त्रिपरिषदले स्वीकृति दिएपछि विधेयक मन्त्रालयमार्फत संसदमा पुग्छ । यी प्रक्रिया पूरा गर्ने चरणमा कृषि विधेयक रहेको छ ।

तयार विधेयकले ऐनको रुपमा लिएपछि कृषि अनुदानमा रहने दोहोरोपना समेत हटेर जाने कृषिमन्त्री रामनाथ अधिकारीको विश्वास छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सोबिता गौतमले कृषि अनुदानको सदुपयोगको विषय उठाएकी थिइन ।

संसदमा प्रश्न दर्ता सोधिएको प्रश्नमा जवाफ पठाउँदै मन्त्री अधिकारीले यस्तो विश्वास व्यक्त गरेका हुन ।

एनका अनुसार तीनै तहको सरकारबाट प्रवाह हुने अनुदानमा पारदर्शिताका साथै अनुदानमा हुने दोहोरोपना हटाउन आवश्यक रहेको सन्दर्भमा उद्देश्य अनुरुप 'अनुदान रकमको प्रवाहमा प्रभावकारीता ल्याउन र अनुदानको सार्वजनकिकरण गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न अनुदानग्राहीको सूची तयार गरिएको छ ।'

यसबाट संघीय सरकार मात्र नभई प्रदेश सरकार र स्थानीय तहबाट प्रदान हुने अनुदानको यसै गरी पारदर्शिता कायम गर्न मद्धत पुग्ने संघीय सरकारको विश्वास छ ।

अनुदानको प्रभावकारिता बढाउन सम्वद्ध पक्ष जवाफदेही हुने गरी काम गरिरहेको कृषि मन्त्री अधिकारको भनाइ रहेको छ ।

# 'गतिहीन' कांग्रेस

- महाधिवेशन नगरिएका भ्रातृ संगठन 'कोमा'मा
- क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणमा ढिलाइ
- १५ औं महाधिवेशनको छैन टुंगो

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ५ वैशाख

देशकै सबैभन्दा पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेस सांगठनिक गतिविधिमा गतिहीन बनेको छ । आन्तरिक किचलोका कारण पार्टीको भ्रातृ संगठन 'कोमा'मा पुऱ्याएको कांग्रेसले वार्षिक रूपमा गर्नुपर्ने क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणका काममा समेत गति दिन सकेको छैन ।

पार्टीका नेताहरूले देशव्यापी भाषण गर्दै हिँडेपनि संस्थागत संरचनालाई व्यवस्थित र चलायमान गराउने विषयमा सचेत देखिएका छैनन् । भूगोलमा लामोसमय टिकेर पार्टी संगठन बचाएका कार्यकर्तालाई व्यक्तिगत निकट बनाउने बाहेक नेताहरूले पार्टीमा नयाँ मान्छे बढाउने र संस्थागत गर्दै लैजाने विषयलाई गौण ठानेको स्थानीयस्तरका नेता-कार्यकर्ताहरूले टिप्पणी गर्दै आएका छन् । पार्टीका हरेक संगठनभित्र व्यक्ति केन्द्रित गुटगत प्रवृत्तिलाई संस्थापन बनाउँदै लैजाने प्रवृत्तिले पार्टीको आन्तरिक जीवनमा समस्या अझै थपिएको केन्द्रीय सदस्यहरूको आरोप छ ।

'पार्टीका शीर्ष नेताहरू नै जिल्ला जिल्ला गएर कार्यकर्तालाई आफ्नो पक्षमा ढालेर बलियो गुट निर्माणमा लाग्ने गरेको पाइएको छ', नेपाली कांग्रेसका युवा नेता नैनसिंह महरले भने 'यसले सिंगो कांग्रेसलाई भन्दा व्यक्ति केन्द्रित संगठन बनाउन खोजिएको सन्देश दिएको छ । नेताहरू जिल्लादेखि गाउँसमेत जाने र वर्षौंदेखि कांग्रेसमा लागेका कार्यकर्तालाई आफ्नो गुटतिर ढाल्ने कोसिस मात्रै भएको देखिन्छ । नयाँ योजनाका साथ भूगोलमा पुगेर ५०-१०० नयाँ मान्छेहरूलाई पार्टीमा आकर्षण गर्ने, सदस्यता दिने काम भएको छैन ।'

पार्टीको भ्रातृ संगठनलाई नेताहरूले कोमामा पुऱ्याउने काम गरेको पार्टीको केन्द्रीय सदस्य समेत रहेका नेता महरको टिप्पणी छ । चैत मसान्तभित्र महाधिवेशन सम्पन्न गर्न १० वटा भ्रातृ संस्थालाई पार्टीले निर्देशन दिएपनि संगठनबाट त्यसको अवज्ञा गरेका छन् । पार्टी नेतृत्व र भ्रातृ संगठनबीच समन्वय गर्न महाधिवेशन निर्देशन समितिसमेत बनाएकोमा पार्टीले दिएको समय सीमाभित्र नेवि संघ, तरूण दल, महिला संघलगायत करिब दर्जन भ्रातृ संगठनको महाधिवेशन हुन सकेको छैन ।

सभापति शेरबहादुर देउवाले १६ असोजमा निर्देशन समिति बनाएका थिए । तरुण दलको संयोजक सहमहामन्त्री महालक्ष्मी उपाध्याय, नेविसंघका संयोजक सहमहामन्त्री किशोरसिंह राठोर, महिला संघको संयोजक प्रवक्ता डा. प्रकाशशरण महत, नेपाल दलित संघको संयोजक सहमहामन्त्री जीवन परियार छन् । यी महत्वपूर्ण संगठनकै महाधिवेशन अनिश्चित भएपछि संगठनको तदर्थ समिति नै नयाँ बनाउने विषयमासमेत छलफल चलेको नेताहरूको भनाइ छ । त्रिभुवन विश्वविद्यालयमा भएका स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा समेत बागी र विद्रोही उम्मेदवार बनेर संगठनलाई थप क्षति पुऱ्याएका छन् । पार्टीका जिम्मेवार व्यक्तिहरूले समेत संगठनलाई संस्थागत भन्दापनि व्यक्ति केन्द्रित अभियान चलाएर पार्टीलाई क्षयीकरणतर्फ लागेको नेविसंघ महाधिवेशन निर्देशन समितिका सदस्य एवं पार्टी केन्द्रीय सदस्य प्रतिमा गौतमले बताइन् ।

पार्टीको आन्तरिक संगठन चुस्त बनाउँदै महाधिवेशन केन्द्रित सांगठनिक अभियानहरू चलाउनुपर्ने कांग्रेसमा सदस्यता विवाद त्यत्तिकै छ । 'पार्टीको १५ औं महाधिवेशन विधानअनुसार आगामी मंसिरमा हुनुपर्ने हो', गौतमले भनिन्, 'महाधिवेशनको जग क्रियाशील सदस्यता वितरण तथा नवीकरण हो । तर, यो विषयको विवाद समाधान हुन सकेको छैन । पार्टीका नेताहरू जिल्ला जिल्ला गएर भाषण गर्ने तर सांगठनिक सुधारलाई

»» पृष्ठ २ मा

# काठमाडौंमा आन्दोलनै आन्दोलन

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ५ वैशाख

पछिल्लो समय काठमाडौंमा आन्दोलन नै आन्दोलन छ । शिक्षकहरू विद्यालय शिक्षा ऐन मागेर आन्दोलनमा छन् । चिकित्सकहरू सेवा सुविधाको कुरा गरिरहेका छन् । गुठी पीडितको प्रदर्शन चलिरहेको छ । निजामती कर्मचारी पनि आन्दोलनमा निस्किएका छन् । व्यवस्था पक्षधर र विरोधी पनि सडकमै छन् ।

लोकतन्त्रमा नागरिकहरू आफ्ना कुरा राज्यलाई सुनाउन र सरकारलाई खबरदारी गर्न आन्दोलन गर्छन । यस्तो दृश्य नेपालमा चैत र वैशाख महिनामा ज्यादा हुने गर्दछ ।

यो पटक भने सरकारप्रतिको असन्तुष्टिले सडकमा ज्यादा स्थान पाएको देखिन्छ । सरकार दुई तिहाईको बहुमतमा वर्तमान सेवा प्रवाहमा सहजता हुन नसकेको र विकास निर्माणले गति लिन नसकेको बुझाइ धेरैको छ । यस्तो बुझाइ र आलोचनाले पनि काठमाडौंमा विरोध गर्ने समूह र व्यक्तिहरू बढेका हुन ।

»» पृष्ठ २ मा




शिक्षकहरू विद्यालय शिक्षा ऐन मागेर आन्दोलनमा छन् । चिकित्सकहरू सेवा सुविधाको कुरा गरिरहेका छन् । गुठी पीडितको प्रदर्शन चलिरहेको छ । निजामती कर्मचारी पनि आन्दोलनमा निस्किएका छन् । व्यवस्था पक्षधर र विरोधी पनि सडकमै छन् ।

## निजामती कर्मचारीको चेतावनी

निजामती कर्मचारीसम्बद्ध ट्रेड युनियनहरूले सरकारसमक्ष १० बुँदे माग अघि सारेका छन् ।

संघीय निजामती सेवा ऐन निर्माणमा आफूहरूसँग छलफल नगरी अगाडि बढेमा आन्दोलन गर्ने चेतावनी निजामती कर्मचारी सम्वद्ध ट्रेड युनियनहरूले सामूहिक रूपमा दिएका हुन् ।

यसअघि पेश गरिएका मागको समेत ध्यानाकर्षण गराउँदै ६ वटा

»» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कांग्रेसले संघ र एसोसिएसनलाई 'मिसन रोजगारी' राष्ट्रिय अभियानको प्रमुख हिस्सेदार बनाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ वैशाख ।

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका समस्या समाधान गर्न पार्टी गम्भीर रहेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनलाई 'मिसन रोजगारी' राष्ट्रिय अभियानको प्रमुख हिस्सेदारका रूपमा अगाडि बढाउने बताएका छन् ।

संघको नवनिर्वाचित कार्यसमितिका लागि बधाई तथा शुभकामनाका लागि शुक्रबार नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनद्वारा काठमाडौंमा आयोजित कार्यक्रमलाई



सम्बोधन गर्दै महामन्त्री थापाले उक्त जानकारी दिएका हुन् । कांग्रेसले गत फागुनमा 'हामी सक्छौं' भन्ने मूल नारासहित 'मिसन रोजगारी' अभियान सुरु गरेको हो ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले घोषणा गरेको उक्त अभियानले मुलुकमा बढ्दो बेरोजगारी समस्या न्यूनीकरण गर्ने लक्ष्य लिएको छ । शुक्रबारको कार्यक्रममा महामन्त्री थापाले केही वर्षयता रोजगारी र उद्यमशीलता सिर्जना गर्ने निजी क्षेत्रलाई हतोत्साहित गर्ने प्रवृत्ति बढेको र वैदेशिक रोजगारीको क्षेत्र त्यसको शिकार भएको भन्दै अब त्यसो हुन नदिने बताए । उनले भने, 'रोजगारी र उद्यमशीलता सिर्जना गर्ने निजी क्षेत्रलाई सम्मानित गर्ने वातावरण बनाउने पार्टीको योजना छ ।'

मिसन रोजगारी भन्ने राष्ट्रिय अभियानको एउटा अभिन्न अंग वैदेशिक रोजगारी पनि रहेको भन्दै

»» पृष्ठ २ मा

# प्रधानमन्त्रीसँग शिक्षक महासंघका पदाधिकारीको छलफल



**काठमाडौं/मस**-प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपाल शिक्षक महासंघका पदाधिकारीले शुक्रबार जारी शिक्षक आन्दोलन र समस्या समाधानका विकल्पका विषयमा छलफल गरेका छन्।

विद्यालय शिक्षा विधेयक, २०८१ छिटो पारित हुनुपर्ने लगायत माग राखेर महासंघको आह्वानमा यही चैत २० गतेदेखि शिक्षकहरुले काठमाडौंकेन्द्रित आन्दोलन जारी राखेका छन्। प्रधानमन्त्री ओलीले आन्दोलनमा उठाइएका जायज मागका सम्बन्धमा गृहकार्य गरी वार्ता र संवादबाट समस्याको समाधान गर्न गत चैत २५ गते उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईसहितलाई निर्देशन दिएका थिए।

मन्त्रिपरिषद्को यही वैशाख २ गतेको बैठकले संघीय संसदमा विचाराधीन रहेको विद्यालय शिक्षा विधेयक यथासक्य पारित गर्ने समेतका प्रयोजनका लागि संघीय संसदको अधिवेशन आह्वान गरी सरकारको तर्फबाट सो विधेयक पारित गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने र यसका लागि वैशाख १२ गते शुक्रबार दिउँसो १ बजे संघीय संसद बैठकको आह्वान गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को सोही बैठकले महासंघले उठाएका मागहरुको यथोचित सम्बोधन गर्ने सम्बन्धमा संवाद निरन्तर रहेको र अझै संवाद गर्न सरकार संवेदनशील र गम्भीर रहेकाले विद्यालय भर्ना अभियान, एसइइको उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को परीक्षालाई ध्यान दिइ आन्दोलन फिर्ता गरी विद्यालय फर्कन शिक्षकहरुलाई आह्वान गरेको थियो।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी, सहअध्यक्ष नानुमाया पराजुली, महासचिव तुलाबहादुर थापा र उपमहाचिव मदनराज जोशी सहभागी थिए।

## "गतिहीन"...

प्राथमिकता दिएको देखिदैन ।' सबैभन्दा पुरानो र ठूलो लोकतान्त्रिक दल कांग्रेसले गर्नुपर्ने आवधिक महाधिवेशनको सवालमा समेत अलमलमा परेको छ।

पार्टी सभापति शेरबहादुर देउवा महाधिवेशनको मिति विधान र संविधानले दिएको सहुलियतअनुसार करिब डेढ वर्षपछि धकेल्ने प्रयासमा छन्। संस्थापन इतर समुहका नेता डा. शेखर कोइराला र उनी निकटका नेताहरूले भने समयमै महाधिवेशन गर्नुपर्ने दबाब दिदैं आएका छन्। संस्थापन इतर समूहले महाधिवेशनका लागि आवश्यक संरचना तयार गर्न पार्टीका जिम्मेवार नेताहरूले काम नगरेको आरोप लगाउने गरेका छन्।

पार्टी महामन्त्री गगन थापाको संयोजकत्वको केन्द्रीय सदस्यहरू प्रकाश रसाइली (स्नेही), सीता गुरुङ र योगेन्द्र चौधरी सदस्य रहेको क्रियाशील सदस्यता व्यवस्थापन समितिको बैठकले गत चैत्रको पहिलो हप्ता १९ जिल्लामा क्रियाशील सदस्यता नवीकरणमा विवाद भएको यकिन गरेको थियो। क्रियाशील विवादमा सोलुखुम्बु, खोटाङ, मोरङ, रामेछाप, सिन्धुपाल्चोक, सर्लाही, सप्तरी, बारा, रुपन्देही, बाँके, कपिल्वस्तु, मुस्ताङलगायत जिल्ला छन्। ती जिल्लाहरूमा अझै विवाद कायमै रहेको सदस्यता व्यवस्थापन समितिका सदस्य प्रकाश स्नेहीले बताए।

'डेढ दर्जनबढी जिल्लाहरूमा क्रियाशील विवाद कायमै छ', उनले भने 'स्थानीय तहको प्रतिस्पर्धा, गुटगत विवाद, गत निर्वाचनमा गठबन्धनमा देखिएका केही समस्याका कारण यो विवाद देखिएको हो। तर, हामीले संवादबाटै समाधान खोज्ने प्रयासमा छौं।' क्रियाशील सदस्यता नवीकरणको तथ्यांक देशभरबाट आइरहेको उनले बताए। 'पार्टीले १५ वैशाखसम्ममा क्रियाशील सदस्यता नवीकरण सक्ने म्याद दिइएको छ। कुल नवीकरणको १५ प्रतिशत नयाँ सदस्यतासमेत पठाएकाले भूगोलको अवस्था र आवश्यकताअनुसार नयाँ सदस्यता वितरणको काम पनि भइरहेको छ', उनले भने।

नेपाली कांग्रेसले गत १४ औं महाधिवेशनमा ८ लाख ५२ हजार ७११ जनालाई क्रियाशील सदस्यता प्रदान गरेको थियो। यसपटक पार्टीका साढे ८ लाख क्रियाशील सदस्यता नवीकरणसमेत हुने सम्भावना कम छ। त्यस्तै पार्टीबाट सरकारमा गएका मन्त्रीहरूले समेत राम्रो पर्फमेन्स दिन नसकेको पार्टी भित्रैबाट पटक पटक आवाज उठ्ने गरेका छन। यद्यपि त्यस्ता मन्त्रीलाई पार्टीले फिर्ता बोलाउने योजना भने बनाउन सकेको छैन्।

## काठमाडौंमा...

सरकारको काम गराइप्रति स्वयं सत्ता सहयात्री दल नेपाली कांग्रेसभित्र पनि असन्तुष्टिको स्वर सुनिँदैछ। प्रमुख २ ठूला दलहरू नेपाली कांग्रेस र नेकपा (एमाले) को बलियो सरकारबाट पनि जनताले अपेक्षित खुशी प्रकट गर्न सकेको छैन। प्रधानमन्त्री केपी शर्मा ओली केही गरौं भन्ने लाग्नुपर्नेमा उद्घाटनमा व्यस्त छन्। सरकार बनेको ९ महिना नाघिसक्दासमेत सरकार कछुवा गतिमै छ।

सरकारप्रति जनताको भरोसा र विश्वास टुट्दै गएका कारण असन्तुष्टि बढ्दै गएको विश्लेषण गरिएको छ। एकपछि अर्को समूह र दलहरूले सडक रोजिरहेका बेला उनीहरूको माग सम्बोधन गर्न सरकार भने गम्भीर नभएको टिप्पणी पनि भइरहेको छ।

व्यवस्था बदलिए पनि जनताको अवस्था नफेरिएको भन्दै राजनीतिक दल र सरकारप्रति असन्तुष्टि बढ्दै गएको हो। जनतामा निराशा उच्च तहमा पुगेको छ। जसका कारण विभिन्न माग राखेर विभिन्न समूह, संस्था र दलहरू सडक आन्दोलनमा उत्रेका छन्।

एसईईको परीक्षा सकिएको दुई हप्ता नाघिसक्दा समेत उत्तर पुस्तिका परीक्षणको कार्य अघि बढ्न सकेको छैन। उत्तर पुस्तिका परीक्षण गर्नुपर्ने शिक्षकहरू विभिन्न मागसहित काठमाडौं केन्द्रित आन्दोलनमा छन्।

शिक्षकहरूको माग सम्बोधन संसदबाटै मात्र हुने भएकाले सरकारले दुवै सदनको बैठक १२ वैशाखका लागि बोलाउँदै शिक्षकहरूलाई कक्षाकोठामा फर्कन आग्रह गरेको छ। तर शिक्षकहरू सरकारको आग्रह अस्वीकार गर्दै आन्दोलन जारी राखेका छन्।

शिक्षकहरू मात्र होइनन, विभिन्न राजनीतिक दल र समूह पनि आन्दोलित छन्। प्रतिपक्षमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी, राप्रपा नेपाल लगायत राजावादीहरू आन्दोलित छन्। राष्ट्रिय जनमोर्चा समेत आन्दोलनका कार्यक्रमसहित आएको छ।

राजनीतिक दलप्रति जनताको बढ्दो वितृष्णा र निराशाको लाभ उठाउँदै राजावादीहरूले १५ चैतमा राजधानीको तीनकुनेमा प्रदर्शन गरे। शान्तिपूर्ण भनिएको उक्त प्रदर्शन अराजक बन्यो। प्रदर्शनमा २ जनाको मृत्यु भयो भने करोडौं रूपैयाँबराबरको सम्पत्तिमा क्षति पुग्यो।

यसैगरी सत्ताबाट बाहिरिएदेखि नै सरकारको कटु आलोचक बनेको नेकपा (माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल लगायतका दलहरू समाजवादी मोर्चाको नाममा आन्दोलित छन्।

एकीकृत समाजवादीले २५ वैशाखसम्मका लागि चरणबद्ध आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गरेको छ। माओवादी केन्द्र तराई मधेश केन्द्रित अभियानमै छ।

व्यवस्थाको प्रश्नमा पष्ट नखुलेको रास्वपाले जागरण अभियान घोषणा गरेको छ।

विभिन्न समूह र पेसामा रहेका व्यक्तिहरू पनि सडक आन्दोलनमा छन्। राजनीतिक मुद्दा र माग राखेर दलहरू सडकमा उत्रिएकै बेला विभिन्न पेसा र व्यवसायमा आबद्ध संघसंगठन, समूह र व्यक्तिहरूले पनि यतिबेला आन्दोलनका नाममा सडक नै रोजेका छन्।

चिकित्सक, शिक्षकसहित अहिले आधा दर्जन बढी पेसागतलगायत समूहले राजधानीको सडकमा उत्रिएका छन्।

निजी मेडिकल कलेजका आवासीय चिकित्सकहरू सरकारी निर्णयअनुसार निर्वाहभत्ता पाउनुपर्ने मागसहित आन्दोलित भएका हुन्।

काठमाडौंको किस्ट र नेपाल मेडिकल कलेजका चिकित्सक माइतीघर मण्डलमा तथा चितवन मेडिकल कलेज र कलेज अफ मेडिकल साइन्स चितवन, नेपालगन्ज मेडिकल कलेज र लुम्बिनी मेडिकल लगायतका कलेजका चिकित्सक आआफ्नै अस्पताल अगाडि धर्ना र ऱ्यालीमा छन्।

त्यस्तै नेपाल शिक्षक महासंघ पनि पेसागत माग राखेर आन्दोलनमा छ। महासंघको अगुवाइमा नयाँ शिक्षा ऐन जारी गर्नुपर्ने मात्र होइन त्यो आफूहरूको माग अनुकूल हुनुपर्ने भन्दै देशभरबाट काठमाडौंमा जम्मा भएका शिक्षकहरूले चैत २० गतेदेखि सडक आन्दोलन गर्दै आएका छन्।

लघुवित्त र सहकारीबाट पीडितहरू पनि काठमाडौंमा जम्मा भएले डुबेको आफूहरूको रकम फिर्ता हुनुपर्नेलगायत माग राखेर सडक आन्दोलनमा छन्। सरकारले उनीहरूको डुबेको बचत रकम फिर्ता गर्ने भने अहिलेसम्म त्यसतर्फ गम्भीरतापूर्वक काम गरेको छैन।

काठमाडौं महानगरले गरिखान नदिएको भन्दै कवाड व्यावसायीहरूले संघर्षको कार्यक्रम गरिरहेको छ।

सहकारीको रकम अपचलन गरेको अभियोगमा मुद्दा खेपिरहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछानेसहितका केही व्यक्ति अहिले पनि प्रहरी हिरासत र थुनामा छन्। रास्वपाले पनि सभापति लामिछाने फेरि थुनामा परेपछि जनयात्रा नाममा आन्दोलन सुरु गरेको छ।

सरकारले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाएपछि उनका समर्थकले पनि पुनर्बहालीको माग राखेर आन्दोलन गरे।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले सरकार नसच्चिए प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार घेरेर भातपानी बन्द गरिदिने चेतावनी दिएका छन्।

सभाबाटै राप्रपाका नेताहरूले सरकारको चर्को विरोध मात्र गरेनन्, अहिले देखिएको जनअसन्तुष्टिको सम्बोधन व्यवस्था फेरेर मात्र संभव हुने दाबी पनि गरे।

राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठका अनुसार राप्रपाले अब अर्को प्रदर्शन ७ वैशाखमा गर्नेछ।

बुधबार राजतन्त्र पुनर्स्थापना जनआन्दोलन समितिका कार्यबाहक संयोजक जगमान गुरूङले सरकारलाई २१ वैशाखसम्मको अल्टिमेटम दिएका छन्। नजरबन्दमा राखिएका नवराज सुवेदीसहित प्रहरी पक्राउमा परेकाहरूलाई रिहाइ नगरे २१ वैशाखपछि सामूहिक गिरफ्तारी दिने घोषणा गरेका हुन्।

**चासो शिक्षकमा**

धेरैको चासो शिक्षकहरूको जारी आन्दोलनमा छ। विद्यालय शिक्षा ऐनको माग राखेर १४ दिनदेखि शिक्षकहरू प्रदर्शनमा छन्। नेपाल शिक्षक महासंघको ब्यानरमा शिक्षकहरूले दिनहुँ रचनात्मक र दबावमुलक गतिविधि गर्दै आएका छन्।

पट्टी बाध्ने, टर्च बाल्ने, हात उठाउने, कविता बाचन जस्ता अनेक गतिविधि गरिरहेका शिक्षकहरू माग पूरा नभएसम्म सडक नछोड्ने अडानमा छन्। ५ असोज २०८० मा भएको सम्झौता कार्यान्वयन नभएको भन्दै उनीहरू फेरि सडक प्रदर्शनमा आएका हुन्।

कोशी प्रदेशको मुकुम्लुङ क्षेत्रमा केवलकार बनाउने निर्णयविरुद्ध राजाधनीमा प्रदर्शन भयो। प्रदेशको नाम कोशी राख्नेसहित अरु निर्णयप्रति असन्तुष्टहरूले बेलाबेला प्रदर्शन भइरहेका छन्।

१५ चैतमा पत्रकार सुरेश रजकको मृत्यु भएपछि नेपाल पत्रकार महासंघ आन्दोलनमै छ। दोषीमाथि कारबाहीदेखि रजकको सम्झनामा प्रदर्शनहरू भइरहेका छन्।

## निजामती...

संगठनले निजामती क्षेत्रका सवाल पूरा नगरे चरणवद्ध आन्दोलनको चेतावनी दिएका छन्।

नेपाल निजामती कर्मचारी संगठन, कर्मचारी युनियन, राष्ट्रिय निजामती कर्मचारी संगठन, एकीकृत सरकारी कर्मचारी संगठन, स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन र मधेशी कर्मचारी मञ्चले माग पूरा नभए आन्दोलन गर्ने चेतावनी दिएका हुन्।

१० वैशाखमा आन्दोलन परिचालन समिति घोषणा गर्ने र १२ वैशाखमा संसद सचिवालय अगाडि भेला आयोजना गर्ने उनीहरूको तयारी छ।

## कांग्रेसले...

महामन्त्री थापाले भने, 'हामी वैदेशिक रोजगारीको क्षेत्रलाई तिरस्कार र गालीको क्षेत्र होइन मानव संशाधन व्यवस्थापन गर्ने महत्वपूर्ण हिस्सेदारका रूपमा अगाडि बढाउने छौं।'

महामन्त्री थापाले नेपाली कांग्रेसले नेपालमा रहेको बेरोजगारीको समस्याको समाधान दिनसक्नुपर्ने भन्दै निजी क्षेत्रसँग सहकार्य गर्न तयार हुनुपर्ने बताए। उनले भने, 'मुलुकमा विद्यमान समस्याका सम्बन्धमा पार्टीले रुवाबासी गर्ने नभइ समाधान दिनेगरी पार्टीको कार्यशैली र दृष्टिकोण परिवर्तन गर्नुपर्ने अवस्था छ।'

त्यसैगरी महामन्त्री थापाले वैदेशिक रोजगारीमा पठाउने व्यवसायी र कामदार दुवैलाई सुरक्षित बनाउन यस क्षेत्रलाई थप राम्रो बनाउनुको विकल्प नभएकोमा जोड दिए।

कार्यक्रममा नेपाली कांग्रेस वैदेशिक रोजगार तथा आप्रवासन समन्वय विभाग प्रमुख तथा केन्द्रीय सदस्य प्रकाश रसाइली स्नेहीले संघको निर्वाचनमा विगतमा पनि रस्साकस्सी र मतभेद देखिने गरेकाले त्यसलाई बिर्सेर संघ र एसोसिएसनको नेतृत्वले परिणाम निकाल्ने गरी उदारतापूर्वक सबैलाई समेटेर अघि बढ्नुपर्ने बताए।

उनले तत्कालीन कम्युनिस्ट नेतृत्वको सरकारले पार्टीको कार्यालयबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने सोच राखेर इजाजतपत्र नवीकरणका लागि गलत तरिकाले सय संख्या र धरौटी बढाएको आरोप लगाउँदै धरौटी रकम घटाउने र व्यवसायीले राखेको धरौटीको नियमित ब्याज पाउने अवस्था बनाउन मन्त्री र प्रधानमन्त्रीको टेबुलमा जान आफू तयार रहेको बताए। उनले वैदेशिक रोजगार ऐन संशोधनको अवस्थाले नेतृत्वको क्षमता परीक्षणको समय आएको भन्दै दुवै संस्थाका अध्यक्षहरूलाई खुट्टा नकमाउन आग्रह गरे।

केन्द्रीय सदस्य रसाइलीले परेको बेला इमानदारिता देखाउन नसकेको भन्दै व्यवसायीको आलोचना पनि गरे। उनले भने, 'हामी सबैले चारैतिरबाट मरीमरी काम गरेर चुनाव जिताउने, तर पछि पार्टी र विभाग किन चाहियो भन्ने गरेको पनि सुनिन्छ। यो मेरो निर्देशन पनि हो, पार्टीको निर्देशनअनुसार काम गर्न अनुरोध छ।'

उनले एसोसिएसनमा रहेको मतभेद पनि मिलाउन आग्रह गरे। उनले भने, 'संघको चुनावमा फरक-फरक उमेम्दवार हुने नयाँ विषय होइन, मिल्नु मिलाउनुपर्छ। त्यसले मपछि आउने विभागीय प्रमुखलाई सहज हुनेछ।'

विभाग प्रमुख रसाइलीले विभागीय मन्त्रीले विभिन्न देशको रोजगारीमा दुई-चार व्यवसायीलाई खल्तीमा हालेर अगाडि बढ्ने सुनिएकाले त्यस्तो अवस्थामा कांग्रेस हेरेर नबस्ने चेतावनी दिए। उनले शैक्षिक कन्सल्ट्यान्सीले वैदेशिक रोजगारमा पठाउँदा समस्यामा परेकाहरूका कारणले वैदेशिक रोजगार क्षेत्र बद्नाम भएकाले त्यसलाई रोक्न नेपाली कांग्रेस शिक्षा विभाग र सरकारले ध्यानदिनुपर्ने सुझाव दिए।

उनले प्रतिकूल अवस्थामा संघको नेतृत्वमा अध्यक्षसहित बहुमत सदस्य जिताएको भन्दै एसोसिएसन अध्यक्ष दीपक थापा, पूर्वअध्यक्ष तिलकबहादुर रानाभाटलगायतको योगदानको पार्टीका तर्फबाट उच्च मूल्यांकन हुनेसमेत बताए।

संघका नवनिर्वाचित अध्यक्ष भुवनसिंह गुरुङले वैदेशिक रोजगारको लागत निर्धारण नगरी वैदेशिक रोजगार ऐनमा गरिने संशोधन र सुधारले समस्याको दीर्घकालीन सुधार नगर्ने भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ऐन संशोधनको गृहकार्यमा लागेकाले सबै व्यवसायीले सक्दो मिहिनेत गरेर संघमा सुझाव पठाउन आग्रह गरे। अध्यक्ष गुरुङले संघले शुक्रबार बोलाएको ऐन संशोधनसम्बन्धी पूर्वअध्यक्षहरूको छलफलमा अपेक्षा अनुसारको सहभागिता नभएको भन्दै व्यवसायी सबै व्यस्तता पन्छाएर भएपनि राय सुझाव पठाउन जरुरी रहेको उल्लेख गरे।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अब्दुल सत्तार, नैनसिंह महर, एसोसिएसनका संस्थापक तथा संघका पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट, हंसराज वाग्ले, बलबहादुर तामाङलगायतले संघको नेतृत्वको अगाडि ऐन संशोधनको जटिल काम रहेको भन्दै गम्भीर र सतर्कता अपनाउन सुझाव दिए।

एसोसिएसनका अध्यक्ष थापाको सभापतित्वमा सम्पन्न कार्यक्रममा एसोसिएसनका वरिष्ठ उपाध्यक्ष विनोदजंग केसीले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रम सञ्चालन गरेका कार्यवाहक महासचिव तुलसी पुरीले संघको नेतृत्वलाई खबरदारी सुरुवात भइसकेकाले प्रभावकारीरूपमा काम गर्न सुझाव दिए। कार्यक्रममा एसोसिएसनका पूर्वअध्यक्ष किरण किशोर घिमिरे, यमबहादुर केसी, नरेन्द्रप्रसाद ढकाल, नेपाल वैदेशिक रोजगार व्यवसायी तमुधी समाजका अध्यक्ष तीर्थबहादुर गुरुङ, नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष प्रतिमा महर्जनसहित नेपाली कांग्रेसको महासमिति सदस्य तथा महाधिवेशन प्रतिनिधि रहेका व्यवसायीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा एसोसिएसनले प्रकाशित गरेको नववर्ष २०८२ को क्यालेन्डर पनि विमोचन गरिएको थियो।

# हर्क साम्पाङलाई वन मुद्दा



**काठमाडौं/मस**-धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङलाई वन मुद्दा लागेको छ। सामुदायिक वन क्षेत्रमा रुख काटेको भन्दै डिभिजन वन कार्यालय सुनसरीले साम्पाङमाथि छानबिन थालेको हो। फायर लेन बनाउने भन्दै मेयर साम्पाङले धरान २० बिष्णुपादुका सामुदायिक वनको जङ्गलमा रुख काटेका थिए।

मेसिन प्रयोग गरेर आफैले अनुमति विना रुख काटेपछि उननीमाथि छानबिन थालेको डिभिजन वन कार्यालय सुनसरीले जनाएको छ। साम्पाङले १९ चैत्रमा मेसिन प्रयोग गरेर रुख काटेको डिभिजन वन कार्यालय सुनसरीमा उजुरी परेको छ। विना अनुमति रुख काटेको उजुरी परेपछि डिभिजन वन कार्यालय सुनसरीले ३ सदस्यीय छानबिन समिति गठन गरेको थियो।

बिष्णुपादुका सबडिभिजन वन अधिकृत महेश कुमार साहको संयोजकत्वमा बनेको छानविन समितिमा पञ्चकन्या सब डिभिजन वन अधिकृत लेखनाथ भण्डारी र सहायक वन अधिकृत फुलकुमारी भोटे सदस्य रहेका छन्। सोही समतिबाट मेयर साम्पाङमाथि छानविन भइरहेको डिभिजन कार्यालय सुनसरीका प्रमुख खुद्रोस मियाँले जानकारी दिए।

छानबिन समितिले स्थलगत जाँचबुझ गरी तयार गरेको प्रतिवेदन अनुसार सजायको व्यवस्था हुने मियाँले बताए। उनले भने रुख काटे नकाटेको के हो ? यसबारेमा स्थलगत छानबिन हुन्छ।' छानबिन समितिको प्रतिवेदनको आधारमा वन ऐन अनुसार सजाय हुन्छ।

प्रमुख मियाँले 'वन क्षेत्र भित्र इजाजतबिना रुख काट्ने छुट कसैलाई नभएको बताए। बिष्णुपादुका सामुदायिक बन उपभोक्ता समितिले धरान नगरपालिकाका प्रमुख साम्पाङले फायर लेन बनाउनका लागि सामुदायिक वनका दर्जनौ रुख काटेको बताएको छ।

# प्रमुख आयुक्त थपलियाको बिदाइ



**काठमाडौं/मस**-निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई शुक्रबार बिदाइ गरिएको छ। आयोगले यहाँ एक कार्यक्रमको आयोजना गरी बिदाइ गरेको हो। आयोगको प्रमुख निर्वाचन आयुक्त थपलिया नेपालको संविधानको धारा २४५ को उपधारा (३) बमोजिमको ६ वर्षको पदावधि पूरा गरी वैशाख ६ गतेदेखि निवृत्त हुँदैछन्।

बिदाइ समारोहमा प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचन आयोगको ६वर्षको अनुभवलाई लोकतन्त्रको सुदृढीकरण र निर्वाचन व्यवस्थापन सुधारका लागि सृजनात्मक चिन्तन र अनुभूतिको आत्मदर्शन गर्ने महत्वपूर्ण अवसरका रूपमा लिएको बताए।

उनले भने,'यस अवधिमा प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका आवधिक निर्वाचन, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन, राष्ट्रियसभा सदस्य निर्वाचन र विभिन्न उपनिर्वाचन स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न भइ जनमतको स्वःस्फुर्त अभिव्यक्तिमार्फत लोकतन्त्रको संस्थागत सुदृढीकरणमा योगदान पुगेको छ।'

साथै उनले स्वतन्त्रताको उद्घोषसँगै सुरू भएको र समयले परिपक्व बनाउँदै लगेको नेपालको निर्वाचन जनताको अभिमतले लेखिएको लोकतन्त्रको महागाथा भएको बताए। उनले भने, 'निर्वाचन आयोगले झण्डै छ दशकमा भोगेको राजनीतिक व्यवस्था, निर्वाचन प्रणाली र निर्वाचन व्यवस्थापन प्रक्रियाका उतारचढावपूर्ण यात्राले निर्वाचन लोकतन्त्रको आत्मा हो र नागरिक सहभागिता त्यसको प्राण हो भन्ने स्पष्ट सन्देश प्रवाह गरेको छ।'

निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आयोगको कुशल नेतृत्व तथा आयोग परिवार र सरोकारवालाबीचको आपसी समन्वय र क्रियाशीलताबाट निर्वाचन व्यवस्थापन प्रक्रियामा सुधार हुँदै गएको उल्लेख गरे। बिदाइ समारोहमा प्रमुख निर्वाचन आयुक्त थपलियाले २०७६ साल वैशाखदेखि २०८१ चैतसम्म निर्वाचन आयोगबाट सम्पादित प्रमुख कार्यहरूको विवरण रहेको निर्वाचन आयोगका ६ वर्ष शीर्षकको पुस्तिका सार्वजनिक गरेका थिए।

# जनताको विश्वास जित्न आवश्यक लगानी र समन्वयलाई निरन्तरता दिइने

**काठमाडौं/मस**-खानेपानीमन्त्री प्रदीप यादवले जनताको विश्वास जित्न आवश्यक लगानी र समन्वयलाई निरन्तरता दिने प्रतिबद्धता गरेका छन्। काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २०औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले नीति निर्माणमा जनआवाजलाई प्राथमिकता दिँदै कार्यान्वयनमा पारदर्शिता र परिणाम सुनिश्चित गरिने बताए। उनले भने, 'खानेपानी जनताको जीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील अधिकार हो भन्ने मान्यताका आधारमा नीतिगत, प्रविधिगत र प्रशासनिक सुधारमार्फत दीर्घकालीन, दिगो र समावेशी विकासको दिशामा सरकार र बोर्डसँगसँगै अघि बढ्नेछौं।' बोर्डले अघि सारेका योजनाले नागरिकको जीवनस्तर, जनस्वास्थ्य तथा वातावरणीय दिगोपनमा अतुलनीय योगदान दिएको उल्लेख गरे। 'खानेपानी क्षेत्रको सुधारका लागि आवश्यक सबै पहल, लगानी र समन्वयलाई मेरो व्यक्तिगत प्रतिबद्धता छ' उनले भने। सो अवसरमा खानेपानी मन्त्रालयका सचिव ई.प्रमिलादेवी शाक्य बज्राचार्यले बोर्डले नागरिकलाई प्रत्यक्ष सेवा पुऱ्याउँदै आएको बताइन्।


**साउदीमा रोजगार**

कम्पनी: ENJAZ AL SHARQ CONTRACTING EST
शहर: Al Khobar
पुर्व स्वीकृत मितिः २०८२/०१/०५ चलानी नं.: ६०२३६२२७
L.T. No.:322199

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ६५,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: STERILIZATION SHIELD FACTORY FOR INDUSTRY
शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मितिः २०८२/०१/०४ चलानी नं.: ६०२३६१०८
L.T. No.: 322033

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 5 | 0 | स. काममा दक्ष | 1800 | ६५,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १३ गते (26 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FAZAL INTERNATIONAL PVT. LTD.
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210



**कुबेतमा रोजगार**

कम्पनी: GOLDEN EQUIPMENT CO. FOR LIGHT & HEAVY EQUIPMENT
शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०७/०७ चलानी नं.: ६०२२६९९५ L.T. No.: 312558 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mobile Crane Operators | 10 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ८८,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Trailer Drivers | 10 | 0 | | 160 | ७१,१३३ | | | | | | | |
| 3. | Wheel Loader | 10 | 0 | | 200 | ८८,९१६ | | | | | | | |

अन्तर्वार्ता विदेश ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८२ बैशाख १३ गते (26 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १४ देखि १७ गतेसम्म (27 to 30 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713, 9851364461

# सरकार फेरिने कुरा हल्ला मात्रै हो : प्रधानमन्त्री

**चितवन/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले ठूला दलको साझेदारीमा निर्मित अहिलेको सरकार परिवर्तनको हल्लामा कुनै सत्यता नभएकाले ढुक्कका साथ विकास र सुशासनका काममा केन्द्रित हुन आग्रह गरेका छन् । चितवनको इच्छाकामना गाउँपालिकाको प्रशासकीय भवनको शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशमा स्थिरता,विकास र सुशासन दिनका लागि इतिहास बोकेका दलहरू एकसाथ मिलेर यो सरकार बनेकाले सरकार आफ्नो लक्ष्य र गन्तव्यमा स्पष्ट रहेको बताएका हुन् । 'देशलाई सुशासनयुक्त बनाउन,नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन हामी पूर्णरुपमा लागेका छौं । तपाईंहरू पनि ढुक्का साथ यस अभियानमा लाग्नुस् । सबै मिलेर देश बनाऔं,' प्रधानमन्त्री ओलीले भने,'हामीले गाउँगाउँमा सिंहदरबार बनाउने सोचका साथ संविधान निर्माणका समयमा स्थानीय सरकारको व्यवस्था गरेका हौं । तपाईंहरूले अधिकार र कर्तव्यलाई मनन् गरी हामीले प्राप्त गरेको राजनीतिक व्यवस्थाको रक्षा र संविधानको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।'



प्रधानमन्त्री ओलीले चेपाङ समुदायका लागि आवास निर्माणका कार्यक्रम ल्याउने पनि बताए । प्रधानमन्त्री ओलीले नयाँ भवनबाट गाउँपालिकाको सुशासन र सेवा प्रवाहका काममा सहजता आउने विश्वास पनि व्यक्त गरे ।

### प्रधानमन्त्रीद्वारा भरतपुरको ६ लेन सडकको उद्घाटन

प्रधानमन्त्री केपी शर्मा ओलीले भरतपुर महानगरपालिमा निर्मित ६ लेख सडकको शुक्रबार उद्घाटन गरेका छन् ।

नारायणगढ पुल्चोकदेखि भरतपुर गोन्द्राङसम्म ६ किलोमिटर दूरीको सो खण्डको विस्तारको शिलान्यास पनि यसअघि प्रधानमन्त्री भएका बेला ओलीले नै गरेका थिए । १७ माघ २०७७ मा सडकको शिलान्यास भएको थियो । उद्घाटन गर्दा २७ महिनाभित्र काम सक्ने लक्ष्य तय गरिए पनि २० महिना ढिलो काम सम्पन्न भएको हो । कोरोना महामारीलगायत समस्याले ४७ महिना समय लागेको भरतपुर डिभिजन सडक कार्यालयका प्रमुख नारायणप्रसाद लामिछानेले बताए । १ अर्ब १३ करोड रूपैयाँको लागतमा विस्तारको काम पूरा भएको हो । सडक विस्तारपछि भरतपुर ओरालोको उचाइ ६० सेन्टिमिटरदेखि १.२ मिटरसम्मले घटाइएको हो । सडकको दायाँ-बायाँ ११.५/११.५ मिटरको एक्सप्रेस लेन रहेको छ । त्यसको बीचमा तीनदेखि चार मिटरको मेडियन छ, जहाँ दुबो र बिरूवा लगाइसकिएको छ । एक्सप्रेस लेनको छेउमा दुवैतर्फ ठूला नाली छन् । नालीभन्दा बाहिर दुवैतर्फ छ मिटरसम्मको सर्भिस लेन रहेको छ । सर्भिस लेनबाहिर दुवैतर्फ तीनदेखि चार मिटरको फुटपाथ रहेको छ । एक्सप्रेस लेन लामो दूरीका सवारीसाधन र सर्भिस लेन छोटो दूरीका सवारीसाधन सञ्चालनका लागि निर्माण गरिएको हो । सडक विस्तारसँगै भरतपुर महानगरको ट्राफिक व्यवस्थापन, सवारी साधनको चाप र जनसाधारणको आवागमनमा सहजता आउने विश्वास गरिएको छ । ६ लेन सडकसँगै फुटपाथ, ड्रेनेज, स्ट्रीट लाइट र संकेत चिन्हहरू समेत व्यवस्थित गरिएको छ । भरतपुरको मुख्य बजार क्षेत्रमा भरतपुर महानगरले ट्राफिक लाइट जडानको काम समेत सुरु गरिसकेको छ ।

स्थानीय प्रतिनिधिहरूले भरतपुर प्रवेशद्वारका रूपमा रहेको यस क्षेत्रको सडक स्तरोन्नति विकासको महत्वपूर्ण पाइला भएको बताएका छन् । यो सडक खण्ड विकासले क्षेत्रीय व्यापार, आवागमन, बसोबास, र यातायात सेवामा दीर्घकालीन सुधार ल्याउने अपेक्षा गरिएको छ ।

# 'फेसबुकसहितका सामाजिक सञ्जालमा प्रतिबन्ध लाग्न सक्छ'



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपालमा फेसबुकसहितका सामाजिक सञ्जालमाथि प्रतिबन्ध लाग्नसक्ने बताएका छन् ।

शुक्रबार काठमाडौंमा सञ्चारिका समूहले आयोजना गरेको कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । उनले नेपालमा सञ्चालन भएका फेसबुकलगायत सामाजिक सञ्जालका सञ्चालकहरुले दर्ता गर्ने समयसीमा सकिन लाग्दा समेत दर्ता नगरेको बताए । नेपालको संविधान, ऐन तथा कानुनअनुसार तोकिएको समयमा दर्ता नभए त्यस्ता सामाजिक सञ्जालहरुमाथि प्रतिबन्ध लगाउन सकिने उनको भनाइ छ ।

उनले देशको स्वाभिमान बिथोल्ने गरी सामाजिक सञ्जालमा विभिन्न प्रचारप्रसार हुने गरेको भन्दै त्यसको नियमन हुनुपर्ने बताए । फेक आइडी बनाएर समाजमा विकृति निम्त्याउने तथा हिंसाको प्रवर्द्धन हुनेगरी सामाजिक सञ्जालमा प्रचार हुने गरेको बताए । सामाजिक सञ्जालहरु नेपालमा दर्ता नभएकै कारण सरकारले ल्याएको मिडिया काउन्सिल विधेयक रोकिएको उनको भनाइ छ । उनले भने, 'हामीले भनेका छौं सामाजिक सञ्जालको प्रयोग र सञ्चालनको नियमन गर्ने विधेयक ल्याएका छौं । त्यो विधेयक राष्ट्रिय सभामा मैले प्रश्तुत गरिसकेको छु तर त्यो बीचमा गएर रोकिराखेको छ । किन रोकिएको छ भन्ने सबैलाई थाहा छ । आज सोसल मिडिया प्लेटफर्म जस्लो चलाइरहेको छ नि जसले सञ्चालन गर्छ । त्यो सञ्चालन गर्नेहरुले यो मुलुकको संविधान मान्नु पर्ने कि नपर्ने ? जस्तो मेटा भनौं, गुगल, टिकटक...। यिनीहरुले नेपालमा काम गर्ने भएपछि नेपालको कानुन मान्ने कि नमान्ने ? नेपालको संविधान मान्नु पर्ने कि नपर्ने ? यहाँ दर्ता हुनुपर्ने कि नपर्ने ? उनीहरुले जे खालको कन्टेन्टहरु पस्कन्छ त्यसबाट हाम्रो नेशनल युनिटी, राष्ट्रिय स्वाधिनताको बारेमा बोलिदियो भने र त्यसले समाजमा ठुलो प्रभाव सिर्जना गर्‍यो भने त्यसलाई हामीले के गर्ने ? सबैभन्दा ठूलो कुरा देश हो । देशको स्वाधिनता, भौगोलिक अखण्डता र एकता हो । स्वाधिनताको विरुद्ध जे जे संप्रेषण हुन्छ सोसल मिडियाबाट, त्यो सञ्चालकलाई नियमन गर्नुपर्छ भनेको हो । त्यो भनेको प्रेस फ्रिडमलाई खोस्ने भनेको होइन । जस्ले जे लेखेपनि भाछ, फेक आइडी बनाएर मनपरी लेखिरहेको छ ।'

उनले थपे, 'सामाजिक सद्भाव भड्काइरहेको हुन्छ । हाम्रो जातीय सद्भाव भड्काइरहेको हुन्छ । धार्मिक सहिष्णुतालाई भड्काइरहेको छ । पहिला पनि हामीले तीन महिनाको सूचना जारी गरेको दर्ता गर्न आउ भनेर । अहिले एक महिनाको सूचनाको दुई तीन दिन बाँकी छ कोही आउँदैन । मेटा जस्ले फेसबुक चलाउँछ मेसेन्जर चलाउँछ, ह्वाट्सएप चलाउँछ, इन्स्टाग्राम चलाउँछ दर्ता गर्न किन आउँदैन । सरकारलाई नै टेर्दैन । उसले नेपाललाई नै टेर्दैन उसले । तेरो टोटल जिडिपी भन्दा त हाम्रो जिडिपी बढी, तेरो वार्षिक बजेट भन्दा हाम्रो धेरै गुणा बढी भन्ने उसको घमण्ड छ, अहंकार छ । त्यो घमण्ड गरेर बस्यो भने प्रतिबन्ध लाग्छ मैले भन्देको छु । होइन हामी चल्छौं भन्ने हो भने आउनु पर्‍यो ।'

### अधिकारी र लोहनी सम्मानित

'सञ्चारिका अग्रणी सम्मान २०८०' पत्रकार डा.हरिकला अधिकारी र उषा लोहनीलाई प्रदान गरिएको छ । सञ्चारिका समूह नेपालको नवौं महाधिवेशनका अवसरमा शुक्रबार सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले दुवै जनालाई उक्त पुरस्कार प्रदान गरे ।

यस्तै, 'सञ्चारिका समानता पुरस्कार, २०८०' पत्रकार धनु विश्वकर्मालाई प्रदान गरिएको छ । पुरस्कारको राशि २० हजार रहेको छ । सञ्चारिकाले 'स्व.उमा सिंह पत्रकारिता पुरस्कार २०८०' धनुषाको जनकपुरबाट पत्रकारिता गर्दै आएकी पत्रकार सपनाकुमारी कर्णलाई प्रदान गरेको छ । पुरस्कारको राशि १० हजार रुपैयाँ रहेको छ । 'सञ्चारिका प्रोत्साहन पुरस्कार २०८०' पत्रकार डोल्मा शेर्पा र सरिता थारुलाई प्रदान गरिएको छ । उनीहरू सबैलाई मन्त्री गुरुङले पुरस्कार प्रदान गरे ।

# सकियो बिस्का जात्रा



**भक्तपुर/मस–** नौ दिन आठ रात मनाइने भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक महत्वको बिस्का जात्रा शुक्रबार सम्पन्न भएको छ । शुक्रबार साँझ तमारीबाट भद्रकाली रथ तानेर घट्खा पुर्‍याइ गःहिटिबाट भैलखः तानातान गरी तमारीमा पुग्दा औंसी(पाङग्रा राख्ने काठ) भाँचेपछि जात्रा सम्पन्न भएको हो ।

त्यसैगरी शुक्रबार बिहान स्थानीय तालाक्वको स्थित कुमाले टोलमा पुरानो वर्षको बिदाइ र नयाँ वर्षको आगमनको अघिल्लो दिन बिहान उठाएको ज्याठा गणेशको प्रतिक हात नभएको योसिंद्य विधि पूर्वक पूजाआजा गरी ढालिएको छ ।

हात नभएको योसिंद्यलाई छैटौं दिनमा मात्र ढाल्ने परम्परा छ । सो योसिंद्य नढाले साँझ भद्रकाली र भैलखःको तान्न नहुने परम्परा छ ।

# तातोपानी नाकालाई थप व्यवस्थित गर्न परराष्ट्रमन्त्रीको निर्देशन



**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले शुक्रबार सिन्धुपाल्चोकको तातोपानी नाका तथा यहाँस्थित भन्सार कार्यालयको निरीक्षण गरी नाकालाई थप व्यवस्थित गर्न निर्देशन दिएकी छन् । वार्षिक २० अर्ब रुपैयाँ भन्दा बढी राजस्व उठ्ने नेपाल चीन व्यापारिक नाकाका रुपमा रहेको यस नाका तथा भन्सार कार्यालयको निरीक्षण गरी शुक्रबार उनले सो निर्देशन दिएकी हुन् । यसका लागि नेपाल सरकारले पनि आवश्यक पहल गर्ने मन्त्री डा.राणाले बताइन् । पर्यटन प्रवर्द्धनका हिसाबले पनि सो नाका महत्त्वपूर्ण रहेको र यहाँबाट चीनको धार्मिक पर्यटकीय स्थल मानसरोबारका लागि सहज हुने भएकाले यस नाकालाई थप व्यवस्थित गर्नुपर्नेमा उनको जोड थियो ।

मन्त्री डा.राणाले अन्तर ाष्ट्रिय व्यापारिक मार्ग काठमाडौं कोदारी राजमार्गका साथै यस तातोपानी नाकासँग जोडिएका अन्य सडकहरुको पनि स्तरोन्नति गर्न नेपाल सरकारले आवश्यक पहल गर्ने सो अवसरमा बताइन् । यस विषयमा उनले सिन्धुपाल्चोकका सांसद, स्थानीय जनप्रतिनिधि र अन्य सरोकारवालासँग जानकारी लिई स्तरोन्नतिका लागि आवश्यक परामर्श पनि गरेकी थिइन् ।

# लागुऔषधजन्य गतिविधि नियन्त्रण गर्न सुपरीवेक्षण समिति गठन



**सुदूरपश्चिम/मस–** सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले लागुऔषधजन्य गतिविधि नियन्त्रण सुपरीवेक्षण समिति गठन गर्ने निर्णय गरेको छ ।

मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा बसेको बैठकले प्रदेशका प्रमुख सचिवको संयोजकत्वमा लागुऔषधजन्य गतिविधि नियन्त्रण सुपरीवेक्षण समिति गठन गरेको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । समितिको सदस्यमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव, कैलाली र कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रदेशस्तरीय प्रमुख तथा सदस्य सचिवमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानुन सचिवलाई तोकिएको छ ।

प्रदेशमा लागुऔषध सेवन तथा ओसारपसारको समस्या डरलाग्दो रुपमा फैलिन थालेपछि यसको नियन्त्रणका लागि मन्त्रिपरिषद्को बैठकले समिति गठन गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद्को बैठकले प्रदेशका प्रमुख सचिवकै संयोजकत्वमा सीमापार आवागमन, पर्यटन तथा व्यापार सहजीकरण समिति गठन गरेको छ । समितिको सदस्यमा आर्थिक मामिला मन्त्रालयका सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव, कैलाली र कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रदेशस्तरीय प्रमुखलाई तथा सदस्य सचिवमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिवलाई तोकिएको छ ।

समितिले राजस्व वृद्धि, भन्सार जाँच, सीमापार आवागमन, पर्यटन सहजीकरण, रोजगरीको शिलशिलामा भारत जाने नेपालीको अभिलेख व्यवस्थापन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्ययोजना तयार गरी काम गर्ने छ ।

# विपद्जन्य घटना न्यूनीकरणका लागि नेपाली सेनाको 'कृत्रिम नमूना' अभ्यास



**कञ्चनपुर/मस–** विपद्जन्य घटना न्यूनीकरणका लागि नेपाली सेनाले शुक्रबार कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा कृत्रिम नमूना अभ्यास कार्यक्रम आयोजना गरेको छ ।

नेपाली सेनाको भगतपुरस्थित श्रीदल गुल्मले जिल्लास्तरीय सामुदायिक विपद् प्रतिकार्यसम्बन्धी तीनदिने तालिमपश्चात नमूना कृत्रिम अभ्यास कार्यक्रम आयोजना गरेको हो । कृत्रिम नमूना अभ्यास कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरी, स्काउट, रेडक्रसकर्मी, एनसिसी क्याडेट, स्थानीय तहका विपद् शाखाका कर्मचारीलगायतको सहभागिता थियो ।

नमूना कृत्रिम अभ्यासका क्रममा आगलागी नियन्त्रण गर्न अपनाउनुपर्ने सावधानीका बारेमा अभ्यास गरेर देखाइएको नगरपालिकाको विपद् शाखाका प्रमुख कृष्ण भट्टले बताए । 'खाना पकाउने ग्यास चुहावट भई हुने आगलागी नियन्त्रण गर्न कुन निकायमा खबर गर्ने, के-के सावधानी अपनाउने, नियन्त्रण कसरी गर्ने भन्ने कुरा नमूना अभ्यासका क्रममा देखाइएको छ' उनले भने, 'आगलागी भइ घरभित्र थुनिएका व्यक्तिको सकुशल उद्धार गर्ने तरिकाबारे पनि अभ्यासका क्रममा देखाइएको छ ।'

आगलागीमा परेर घाइते भएका व्यक्तिलाई प्राथमिक उपचार गरी अस्पताल लैजाने प्रबन्ध मिलाउने कुरा अभ्यासका क्रममा देखाइएको उनको भनाइ छ । ग्यास लिकेज भएमा कसरी बन्द गर्ने र सुरक्षित हुने भन्नेबारे पनि नमूना अभ्यास गरिएको छ ।

यसअघिको दुई दिन श्री नम्बर २ विपद् व्यवस्थापन गण चितवनका सेनानी हरिनारायण पौडेलले भूकम्पीय जोखिम, कालिरक्षा गण (ई) कैलालीका उपसेनानी विदेश बजगाईंले सर्पदंश, जमदार नृपबहादुर रोकायाले आगलागीसम्बन्धी जानकारी दिए ।

तालिममा सहभागीलाई विपद्का विविध पक्षबारे जानकारी दिने कार्यसँगै जोगिने उपायका बारेमा बताइएको थियो । तालिमका सहभागीलाई प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकाल र शुक्लाफाँटा नगरपालिकाका उपप्रमुख कल्पना पन्तले प्रमाणपत्र हस्तान्तरण गरेका थिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले जैविक विविधतामा देश धनी भएको उल्लेख गर्नुहुँदै जहाँ बढी विविधता हुन्छ, त्यहाँ विपद् बढी हुनु स्वाभाविक भएको बताए । तालिममा सिकेका कुरा समुदायमा सिकाएर सशक्त बनाउन उनले आग्रह गरे । नगर उपप्रमुख पन्तले तालिममा सिकेका कुरा व्यवहारमा लागू गर्नुपर्ने बताइन् ।

# 'निजामती कर्मचारीको अवकाश ६० वर्ष गरौँ'



**काठमाडौं/मस–** अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायले निजामती लगायत कर्मचारीको अवकाश उमेर ६० वर्ष पुर्‍याउनुपर्ने बताएका छन् ।

शुक्रबार राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै उनले कर्मचारीको उमेरहद ५८ बाट ६० वर्ष पुर्‍याए वार्षिक ६० अर्ब रुपैयाँसम्म बचत हुने बताए । उनले मुलुकको आर्थिक अवस्थालाई मध्यनजर गर्दै थप अतिरिक्त पद सिर्जना गर्न नहुने बताए । उनले ३० वटा अतिरिक्त सचिव थप्दा वार्षिक ७ कारेड रुपैयाँ खर्च बढ्ने उल्लेख गरे । उनले सहसचिवको बढुवालाई समयबद्ध बनाउन सचिव र अतिरिक्त सचिवको समयावधि घटाउनु उपयुक्त हुने बताए ।

उनले भने,'अतिरिक्त सचिव नेपालको सन्दर्भमा असफल अभ्यास हो । यसले निर्णयको तह पनि बढाउँछ र खर्च पनि बढाउँछ । ३० वटा अतिरिक्त सचिव हुँदा वार्षिक रुपमा ७ करोड जति खर्च बढ्दो रहेछ । र अर्को कुरा हामीले यहाँ जति छलफल गरेपनि सचिवको पद घटाउन नसक्ने अवस्थामा छौं । किनभने सहसचिव ११ देखि १२ वर्षमा सचिवमा बढुवा हुन्छन् । सहसचिवको बढुवालाई समयबद्ध गराउने दृष्टिले अतिरिक्त सचिव आएको हो जस्तो लाग्छ । र त्यसलाई व्यवस्थापन गर्न सचिव र मुख्य सचिवको १/१ वर्ष समयावधि घटाउने जुन प्रस्ताव छ । त्यसले यसको व्यवस्थापन हुन्छ जस्तो लाग्छ । सचिवको कार्यअवधि पनि घटाउन नसक्ने र अतिरिक्त सचिव पनि सिर्जना हुने अवस्था आउँदा हिजो सहायक सचिव र उपसचिव लगायतबाट पाठ सिकेर यो नगर्दा नै उपयुक्त हुन्छ भन्ने म सुझाव दिन्छु ।'उनले कर्मचारीको क्षेत्रमा अतिरिक्त पद सिर्जना गर्दा निर्णयको तह र खर्च बढ्ने भन्दै त्यस्तो नगर्न सुझाव दिए ।

**KUWAIT मा रोजगार**

कम्पनी : DOLPHIN CONTINENTAL HOTEL CO. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/१०/०७ चलानी नं.: ६०२१३४२५ Lot No: 298497 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Waiter | 3 | 3 | सम्बन्धित काममा दक्ष | 115 | ५१,१२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeper/cleaner | 2 | 1 | | 95 | ४२,२३५ | | | | | | | |

कम्पनी : KUWAIT CONTINENTAL HOTEL CO. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०१/३० चलानी नं.: ६०२१९३८७ L.T. No.: 304537 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 1 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ४२,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Stewards | 9 | 9 | | 100 | ४४,४५८ | | | | | | | |
| 3. | Restaurant Waiter/Waitress | 4 | 5 | | 115 | ५१,१२७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १३ गते (26 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क.नं. १ को रु. १०,००० क.नं. १ को रु. निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Professional Manpower Services Pvt. Ltd.** श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np

कथा

# खुसी भेटिन गाह्रो रहेछ

*उसको सपनामा बारम्बार गाउँको बाटो आउन थाल्यो । उस्तै हरियो डाँडा, आमाको मुस्कान, साथीहरूको हाँसो... रातको निन्द्रामा झल्किने ती दृश्यले उसलाई घर तान्थ्यो । चाडपर्व आउँथे, ऊ फेसबुकमा साथीहरूका फोटो हेरेर मात्र चित्त बुझाउँथ्यो ।*



■ जनक बराल

सिजन खनाल पोखराको नजिकैको सानो गाउँ पुम्दीमा हुर्किएको थियो । माटोका गन्धमा उसको बाल्यकाल र रमाइला सम्झनाहरू गाढा भएर बसेका थिए । आमाले बिहानै उठाएर गाई दुहाउन पठाउने, बुबाले खेतमा खटाउँदा थाकेर आउँदा दिउँसोको घाममा राँको जलाएर पढ्न लगाउने ती दिनहरू उसलाई अझै झलझली याद आउँछन् ।

त्यो गाउँमा सपनाहरू सस्ता थिए, तर पूरा गर्न भने निकै महँगो पर्थ्यो । सिजनको सपना थियो- पढेर केही बन्ने । स्कुले पढाइको साथसाथै बारीमा काम, घरका जिम्मेवारी, भाइबहिनीको हेरचाह... सबै उसकै काँधमा थियो । कक्षा १२ सकेसँगै सिजन केही बन्ने सपना बोकेर पोखरा छोड्यो । केन्द्रीय राजधानी काठमाडौंतिर लाग्यो ।

काठमाडौंमा जीवन सजिलो थिएन । कोठा भाडा तिर्नु, कलेज पढ्नु अनि अन्य खर्चका लागि जोहो गर्नु सिजनका लागि सामान्य थिएन । संयोग भन्नुपर्छ, साथी संगतबाट तत्कालका लागि समाधान भयो । सोह्रखुट्टेमा एउटा सस्तो कोठा भेट्यो । सँगै, केही सानो रकम आउने काम पनि । सिजनलाई काठमाडौं आएसँगै यी सबै कुरामा बालसखादेखिको दौँतरी कृष्णले सघाएको थियो ।

> *रातको ड्युटी सकेर ऊ होटलको पछाडि रहेको पार्कमा बसेर गहिरो सास फेर्थ्यो । 'खुसी' भन्ने शब्दको अर्थ के हो ? पैसा कमाउनु ? राम्रो खाना खानु ? कि घरको आँगनमा आमाको हातको गुन्द्रुक खानु ? सिजनको मनमा यस्ता प्रश्नहरू उब्जिन्थे ।*

काठमाडौंको बसाई बिहान पढ्न आर आर कलेज जान्थ्यो, दिउँसो काम गर्न भोटाहिटीस्थित एक पुस्तक पसल जान्थ्यो, राति फर्केर फेरि पढ्थ्यो । ऊ थाक्थ्यो, तर भित्र कतै एक आगो बल्थ्यो- केही गरौँ, केही बनौँ भन्ने ।

पढाइको बिचमा उसले लोकसेवा पनि तयारी गर्न थाल्यो । साथीहरू रमाइलोमा रमाइरहेका बेला ऊ किताबको चिहान बनिरहेको हुन्थ्यो । अन्ततः त्यो मेहनत सफल भयो । ऊ लोकसेवाबाट सुब्बा पदमा नाम निकाल्न सफल भयो । घरमा खुसीयालीको लहर आयो । आमाले भाकल गरेकी थिइन्, सिजनले जागिर खाएपछि देउराली मन्दिरमा बलि चढाउने ।

सरकारी जागिर पाएपछि सिजनको जीवनमा स्थायित्वको अनुभव भयो । मासिक तलब आउँथ्यो, घर खर्च पठाउन सक्थ्यो । गाउँलेहरू गर्व गर्थे- हाम्रो सिजन त अफिसर पो भयो ।

तर, त्यसैबेला उसको जीवनमा अर्को मोड आयो । उसँगै पढ्ने र पछि पोर्चुगल पुगेका एकजना पुराना साथी नविनले प्रस्ताव राखे- ब्रो, त्यहाँ के थोरैको जागिर खाएर जीवन बिर्गाछस् ? यता आइज, राम्रै कमाइ हुन्छ, म होटेलमा छु, तेरो लागि काम मिलाइहाल्छु ।

सिजनको मन दोधारमा पर्‍यो । घर परिवार, जागिर, सम्मान... सबै एकातिर थिए । तर, विदेश जाने मोह, साथीका कुराले उकासिएको आशा... त्यो पनि त अर्कोतिर थियो । लामो दुबिधापछि उसले जागिर छाड्यो । कागजपत्र तयार पार्‍यो र पोर्चुगलतिर उड्यो ।

यद्यपि, सिजनका लागि त्यो निर्णय जीवनकै सबैभन्दा कठिन मोड बन्यो । तर, नविनले सुनाए झैँ, पोर्चुगलको सुरुवाती समय सपनाजस्तो थिएन । भाषा नआउने, संस्कृति फरक, न कोही आफन्त, न नै सहानुभूति दिने । सुरुका दिन ऊ बारमा ग्लास माझ्थ्यो । चिसो पानी, कठोर हाकिम, लामो ड्युटी... कहिलेकाहीँ उसको आँखा आफै रसाउँथ्यो ।

तर, समयले सबै कुरा सिकाउँछ । उसले पोर्चुगाली भाषा बोल्न सिक्यो । होटलको भान्सामा सहायक बन्यो । केही समयपछि स्थायी काम पनि पायो । तलब राम्रै भयो । उसले काठमाडौंभन्दा धेरै कमाउन थाल्यो ।

जीवनमा केही बदलाव आयो । बसाइदेखि सबै कुरा मिलायो । सँगै, पिआरको प्रक्रिया पनि छिट्टै अगाडि बढायो ।

तर, समयसँगै यी सबैले मन भर्न सकेन ।

उसको सपनामा बारम्बार गाउँको बाटो आउन थाल्यो । उस्तै हरियो डाँडा, आमाको मुस्कान, साथीहरूको हाँसो... रातको निद्रामा झल्किने ती दृश्यले उसलाई घर तान्थ्यो । चाडपर्व आउँथे, ऊ फेसबुकमा साथीहरूका फोटो हेरेर मात्र चित्त बुझाउँथ्यो ।



एक दिन उसले आमासँग भिडियो कल गर्‍यो । आमाले भनिन्, "बुबा दुई सातादेखि ओछ्यानमा हुनुहुन्छ, अस्पताल लगेको अझै सन्चो भएको छैन, खाली सिजनलाई बोलाउन पाए हुन्थ्यो भन्नुहुन्छ ।" सिजनको आँखा रसायो । ऊ त्यसबेला बुझ्यो- यो पनि जीवन होइन रहेछ ।

तर परिबन्धले ऊ फर्किन सक्दैन थियो । ऋण तिर्न बाँकी थियो । कागजपत्र अझै स्थायी थिएन । फर्किए भने फेरि न घाट न पाट हुने डर थियो । यतै बस्न बाध्य भयो ।

एक दिन साथीहरूसँग बग्ने ट्यागस नजिकको खोलातिर गएका बेला उसले भन्यो, "हेर यार, कमाइ त राम्रो छ तर मनमा खुसी छैन । कहिलेकाहीँ लाग्छ, सुब्बाको जागिर नै ठीक थियो । जीवन सजिलो थिएन, तर मन खाली थिएन ।"

साथीले हाँस्दै भन्यो, "त्यही त हो नि, जीवनमा खुसी भेटिन गाह्रो रहेछ ।"

त्यस दिनदेखि सिजनले जीवनलाई अलि सहज रूपमा लिन सिक्यो । सानो रमाइलो, केही नयाँ अनुभव र देशको झझल्को बोकेर बाँच्न थालेको छ ऊ । कहिले फर्किन्छ ? उसलाई पनि थाहा छैन ।

कहिलेकाहीँ रातको ड्युटी सकेर ऊ होटलको पछाडि रहेको पार्कमा बसेर गहिरो सास फेर्थ्यो । 'खुसी' भन्ने शब्दको अर्थ के हो ? पैसा कमाउनु ? राम्रो खाना खानु ? कि घरको आँगनमा आमाको हातको गुन्द्रुक खानु ? सिजनको मनमा यस्ता प्रश्नहरू उब्जिन्थे ।

फेसबुकमा गाउँका साथीहरूले रोटे पिङको भिडियो पोस्ट गरे । उसले त्यो हेरेर फोनको स्क्रिन अँगाल्यो । त्यो क्षणमा, ऊ लाखौं किलोमिटर टाढा भएर पनि घरको आँगनमा भएको अनुभूति गरिरहेको थियो ।

एक दिन, उसले पोस्टकार्ड किन्यो । धेरै समयपछि कलम चलायो ।

"आमा,

म यहाँ ठिकै छु । पैसा त कमाइरहेकै छु, तर तपाईंको काखभन्दा म यहाँ धेरै टाढा छु । कहिले काहीँ त लाग्छ, मैले खुसी खोज्न आफूलाई नै हराएँ जस्तो छ ।"

त्यो चिठी पठाएपछि उसलाई हल्का अनुभव भयो । जीवन सजिलो थिएन, तर त्यो मनभित्रको पीडा साट्न सकेको थियो ।

तर, उसको मन भने अझै पोखरा नजिकैको पुम्दीको गोरेटोमा हराइरहेको छ ।

कविता

## माफ गर !



लेखराज रेग्मी

भौतिकवादको भ्रमपूर्ण परिभाषा
द्वन्द्ववादको मनोगत शिक्षा
र यसको संयोगको भ्रष्ट आकृति
छलछामका निष्ठा नियमन
यान्त्रिक एकको दुईमा विभाजन
मिसावटलाई एकता मान्ने भ्रम
अपरिभाषित कपट-धन्दाको अनुशासन
अहंकारबद्ध दावीको नामकरण 'प्राधिकार'
बन्ने भनेको एउटा फासिस्ट सत्ता हो
दिमागमा होस् या राज्यमा
यो जनवाद बन्दैन
समाजवाद साम्यवाद त झन् बन्दैन.
विकारहरू, ऐजेरूहरू, बाइप्रोडक्टहरू
आफ्ना 'निष्ठा नियम'मा जब
चलाउन खोज्छन्, देश दुनियाँ र संगठन
मुसोलिनी पैदा हुन्छ इतिहासमा
हो हिटलर, सद्दामहरूको अवतरण हुन्छ
जब उत्पादन गरिन्छन् जेलेन्स्किहरू
तुलनामा राम्रा हुन्छन् नेबिनहरू
हिटलरहरू सद्दामहरू पूज्य बन्छन्
सरापिन्छ स्टालिन घृणा गरिन्छ भगतसिंह
याद गर्न थालिन्छ एउटा
मिथकको 'जंगबहादुर !'
यही समय चलिरहेको छ
फलित ज्योतिषको 'संकटा'
माफ गर म अलि 'धृष्ट' बन्न सकिरहेको छैन ॥

## भावना : सत्यको जित हुनेछ



देवीराम पाठक

हजारौँ चोट सहेर बस्ने बानी परेछ
दुखाइलाई थाम्ने, कला मनले सिकेछ ॥
अन्यायको आगोले भतभती, मन पोलिरहे पनि
शान्त रहनु नै नियति बनेछ ॥

गद्दारीसँगको संगतले इमानदार भएर पनि
आज बेइमानी कहलिनु पर्ने, दिन आएछ ॥
सत्य बोल्दा आफै दोषी बन्नु पर्ने
यो दुनियाँको नियम नै विडम्बना रहेछ ॥

पर्खन्छु समयको चक्र घुम्नेछ एक दिन
हिसाब हुनेछ, न्यायिक निर्णय आउनेछ ॥
तिम्रा झुटका पर्दाहरू हट्नेछन्, उदाउनेछ, सविता
पहाड एकाएक ढल्नेछन्, सत्य लम्कनेछ, ॥

तिम्रा ती कुटिल चालहरू शिथिल हुनेछन्,
ओइलाउने छन्, ती कपटी मुस्कानहरू ॥
बिस्तारै हराउँदै जानेछन् विकल्पहरू
खुसी हुनेछन् मृत आत्मा, सविता उदाउनेछ ॥

देख्ने छौं त्यो दिन सत्यको विजय हुनेछ
कुना कन्दरामा इमानका गीत गुन्जिने छन् ॥
विगतमा आँसुले सिञ्चित ती सपनाहरू
भविष्यमा न्यायको उज्यालो ले फक्रिनेछन् ॥

# मोड्यूलर किचन

कथा



■ ओम बस्नेत

"औ भइया, तिमी जुन सुकै टोइलेटतिर नपस्नु ल । तिमीहरूको लागी उ परको पुरानो टोइलेट छ । पानी त्यहीं छेउको ड्रममा छ । अलिक पानी पनि हाल्ने गर्नु है । तिमीहरू त महा गन्दे हुन्छौँ । बेसी आल्याङ्ग टल्याङ्ग नगरी काम गर्नु । दसैँअघि नै मलाई सबै काम सक्नु छ", भनेर वासिङ मेसिनमा लुगाहरू हाल्नुमा व्यस्त हुन्छिन् सिला । टोलमा सबले उनलाई सिला आन्टी भनेर सम्बोधन गर्छन् ।

हैदरले "हवस् म्याडम माफ गर्नुस् गल्ती भयो । अबदेखि उतै गर्छु र केटाहरूलाई पनि भन्छु" भन्दै आफ्नो काममा लाग्छ । हैदर घर बनाउने ठेकेदार हो । उसले धेरै वटा घर बनाइसकेको छ । ४०/५० जना जति उसका मिस्त्रीहरू छन्, भिन्दा भिन्दै साइटमा । तर, उसको बोली जहिले नरम । सबलाई सर म्याडम भन्छ । नमस्ते नगरी र नहाँसी बोल्दैन । जुनै साइटमा भए पनि ३ बजे नमाज अदा गर्छ अनि शुक्रवार मस्जिद जाने गर्छ ।

यसपालि दसैंमा मोड्यूलर किचन बनाएर सबैलाई चकित पार्ने सिला आन्टीको ठुलो इच्छा छ । त्यस इच्छालाई पूरा गर्न आफ्नो पतिको प्रोविडेन्ट फन्ड तोडफोड गराएकी हुन् । घर बनाउँदा बैंकको ऋणमा चुर्लुम्म डुबेको परिवार हो । किचन रुम साधारण थियो । काम चलेकै थियो । तर, सिला भने आफ्ना साथीहरूको अघि आफू के कम भन्ने अहम् बोकेर बसेकी थिइन् । त्यसैअनुरूप उनले आफ्नो किचनलाई अपग्रेड गर्ने इच्छा गरेकी हुन् ।

दसैँ तिहारमा रमाइलो भयो मोड्यूलर किचनको भरपुर प्रचार प्रसार भयो । रिल्स बन्यो, फेसबुकमा अपडेट आयो । सिलाले धेरै लाइक्स र बधाईको कमेन्टहरू हात पारेकी हुन् ।

केही दिनपछि हैदरले फोनमार्फत छोरीको बिहेमा एक दिन अघि आइदिने चुले निम्तो दियो । उनीहरू आफ्नो गाडी लिएर पुग्छन् । सिलगडीबाट ३ घण्टा लाग्दो रहेछ । उनीहरूलाई स्वागत गर्न चोकसम्म हैदर आफैँ मोटरसाइकल लिएर आएछ । उ अघि-अघि सिला दम्पत्ति पछि-पछि । हैदरको घर देखेर सिला झन्डै-झन्डै बेहोस भइन् । भित्र पसेपछि उसको घरको इन्टेरियर हेर्नु लायकको थियो । बिहे घर भएर सजाइएको त थियो नै । तर, पनि घरको बनावटी, बिजुलीको रङ्गीचङ्गी झुम्मर, मार्बल जडित फर्स देखेर सिलाको घाँटी सुक्ला जस्तो भयो र पानी पिएर मात्र अलिक नर्मल भइन् ।

हैदरले उसको जम्मै परिवारलाई बोलायो । उसको श्रीमती, ३ छोरा र २ बहिनी छोरीलाई पालैसँग परिचय गरायो । भोलि बिहे हुने जेठी छोरी स्नातक पढेकी रहिछ ।

"अन्त तपाईंको मिसेस चै के गर्नु हुन्छ ?" सिलाले हैदरलाई अचानक तपाइँ भनेर सम्बोधन गर्दा हैदर पनि छक्क पर्छ ।

"गाउँको पञ्चायत प्रधान हो तर, उसलाई नेपाली आउँदैन" भनेर जवाफ दिन्छ । सिला छक्क पर्दै "प्रधान ?" भनेर मुख आँ... पार्दै आफ्नो श्रीमान् पट्टि हेर्छिन् ।

चिया नास्तापछि हैदरले भन्छ "तपाइँहरू अहिले आराम गर्नुस् म रुम देखाई दिन्छु । खाना खाने टाइममा बोलाउँछु" भनेर छोरालाई ब्यागहरू गाडीबाट निकालेर रुममा पुर्‍याउने आदेश दिन्छ । अटैच्ड बाथ भएको कोठा, इंग्लिश कमोट, किंग साइज्ड बेड, बालकनी, इनबिल्ट वार्डरोब, रेसमी मछेडदानी, कमराको रंगसँग सुहाउने पर्दा । कुनै लक्जरी होटेलको डिलक्स रुम जस्तो । यो देखेर सिला हैरान हुँदै पतिलाई भन्छिन् "आम्मा मा मा ... यो भइयाले त हाम्रो पहाडबाट कति चाहिँ पैसा कमाएर ल्याएछ नि ?"

"हेर सिला, उनीहरू पहाडतिर सिर्फ पैसा कमाउन मात्र गएका हुन् । सानो भएर, नम्र भएर बोल्छन् । हाम्रो हेपाई र होच्याइको बदला हाम्रोबाट भरमग्दुर पैसा कमाएर ल्याउँछन् । हामी बाँकी गरेर भए पनि देखाउन चाहन्छौं, उनीहरू कमाएर पनि देखाउँदैन । मलाई यो सब पहिलैबाट थाहा थियो । उसको श्रीमतीले पञ्चायत चुनाव लड्नुभन्दा अघि मैले नै ठुलो काम दिलाएको थिएँ । उसको श्रीमतीको जीत हुँदा मलाई बोलाएको थियो । म आएकै हो पहिला पनि तर, यो कुरा मैले तिमीलाई बताएको थिइन । तिमीलाई देखाउन चाहेको थिएँ । जुन घर र तिम्रो मोड्यूलर किचनमा तिमी अहम् गर्छौ नि त्यो उसकोमा २/४ वर्ष अघिबाटै छ तर, मेरो घर यस्तो छ, उस्तो छ भनेर कहिले भन्दैन । २/४ बिघा जमिन छ उसको तर कहिले बेच्ने कुरा गर्दैन । हाम्रोतिर दुःख गर्नु आउँछ तर, आफ्नो जमिन र अस्तित्वमा आँच आउन दिँदैन । बाँकी कुरा आफै बुज्नु, अहिले उसको मोड्यूलर किचन हेरेर ।"

सिला दङ्ग पर्दै, "उसकोमा पनि मोड्यूलर किचन छ र...?"

# ‘सरकारका हरेक कदम जनता र राष्ट्रको विपक्षमा’

**शहबाज खान / मध्यान्ह**
कपिलवस्तु, ५ वैशाख

नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले केपी ओली नेतृत्वको वर्तमान सरकारको हरेक कदम जनता र राष्ट्रको विपक्षमा गएको आरोप लगाएका छन् ।

कपिलवस्तुको कृष्णनगरमा शुक्रबार आयोजित जागरण सभालाई सम्बोधन गर्दै अध्यक्ष दाहालले सरकार उल्टो बाटोमा हिँडिरहेको टिप्पणी गरे । उनले भने, ‘यो सरकारको काम भ्रष्टाचारीलाई कारवाही गर्नु होइन, रक्षा गर्नु हो ।’ ‘राम्रो काम गर्ने कर्मचारीलाई बर्खास्त गर्नु, नराम्रो काम गर्नेलाई खोजी खोजी पुरस्कार दिनु यो सरकारको काम हो । गएको केही महिनामै देखिसकेका छौं, कुलमानजस्तो लोडसेडिङ गर्नेलाई अपमानजनक ढंगले हटाउने काम भयो । सरकारका हरेक क्रियाकलाप राष्ट्रको विपक्षमा गइरहेको छ’, उनले भने ।




उनले यो सरकार बनेपछि छिमेकीहरूसँगको सम्बन्ध कमजोर भएर अन्तरौष्ट्रिय स्तरमै नेपालको इज्जत खस्केको जिकिर गरे । उनले संख्याको बलमा सरकारबाट आफूलाई हटाएको दाबी गर्दै आफूले विश्वासको मत लिएपछि ठूलो दलको हैसियतले कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुनुपर्ने बताए । दाहालले वर्तमान सरकार विचौलियाको चङ्गुलमा परेको पनि आरोप लगाए । सत्ता साझेदार दलका नेताहरू मात्रै होइन। सरकारकै मन्त्रीहरू असन्तुष्ट भएको र सरकारले आफ्नो बोझ आफैं सम्हाल्न नसक्ने अवस्थामा पुगेको उनको भनाइ छ । उनले केही विचौलियाहरूको चलखेलले विकास निर्माणका कार्यहरू अवरुद्ध भइरहेको पनि जिकिर गरे । ‘देशमा विकासको गति तीव्र बनाउन विचौलियाहरूको हस्तक्षेप रोक्न जरुरी छ,’ प्रचण्डले भने ।

उनले झापाबाट सुरु गरिएको हुलाकी जागरण अभियानले माओवादी केन्द्रभित्र नयाँ ऊर्जा र उत्साह ल्याएको दाबी गरे । उनले आफू भारत गएपछि हुलाकी मार्ग निर्माणको मार्ग प्रशस्त भएको उल्लेख गर्दै उक्त मार्ग नागरिकको आर्थिक समृद्धिसँग जोडिएको बताए ।

कानुन समितिको वार्षिक प्रतिवेदन पारित

# आगामी संसद् बैठकमा पेस हुने

काठमाडौं / मस- प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन संशोधनसहित पारित गरेको छ । समितिको बिहीबार बसेको बैठकले सो प्रतिवेदन पारित गर्दै संघीय संसद्को आगामी बैठकमा पेस गर्ने निर्णयसमेत गरेको छ ।



प्रतिवेदनमा एक वर्षको अवधिमा समितिले सम्पादन गरेका कार्य, विधेयकमाथिको छलफल, संशोधन र पारित, विभिन्न स्थलगत अनुगमनलगायतका विवरण समेटिएका सभापति विमला सुवेदीले जानकारी दिइन् । यसवर्ष समितिले संघीय संसद्बाट जारी भएका कानुन कार्यान्वयनको अवस्थासम्बन्धी छलफल तथा हिरासतमा थुनुवाको मौलिक हकको सुनिश्चितता र कैदीबन्दी तथा बालसुधार गृहमा मानवअधिकारको अवस्थासम्बन्धी स्थगलत अनुगमन गरेको थियो ।

आगामी दिनमा देशका विभिन्न भागमा रहेका मध्यवर्ती क्षेत्रका जनताको मानवअधिकारसम्बन्धी विषयमा स्थलगत अनुगमन गर्ने तयारी गरिएको सभापति सुवेदीले जानकारी दिइन् ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संसदीय समितिले दिएका सुझावका आधारमा मन्त्रालयले कानुन संशोधनको तयारी गरिरहेको जानकारी दिए । उनले केही कानुन संशोधनका लागि अन्तिम तयारी भइरहेको बताए ।

# ५ बुँदे घोषणापत्र जारी गर्दै उपसभामुख सम्मेलन सम्पन्न



**जनकपुरधाम / मस-** संघीयता कार्यान्वयनका लागि लोकतन्त्रको विकल्पको रूपमा समुन्नत लोकतन्त्र नै भएको निष्कर्षसहित ५ बुँदे घोषणापत्र जारी गर्दै उपसभामुख सम्मेलन सकिएको छ ।

संघीयताको आवश्यक कानुन निर्माण, संसदीय बजेट, संवैधानिक लोकतान्त्रिक प्रणाली, संवैधानिक अभ्यासबाट नै समृद्धि लगायतलाई अघि बढाउन माग गर्दै जनकपुरमा ७ वटै प्रदेश तथा प्रतिनिधिसभा र राष्ट्रियसभा उपसभामुखहरू भेलाले पाँच बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको हो ।

सम्मेलनले उपसभामुखहरूको भूमिका स्पष्ट नभएको तथा सम्मेलनबाट विगतका पूरा हुन बाँकी रहेका प्रतिबद्धता एवं घोषणाहरूको क्रमश: कार्यान्वयन गर्दै जानेमा जोड दिए । मधेश प्रदेशसभाका उपसभामुख बविता राउत ईशरको अध्यक्षतामा भएको कार्यक्रममा कानुनको सन्दर्भमा तीनवटै सभाको परस्पर सम्बन्धी विकास गर्ने र बन्न बाँकी कानुनको अध्ययन र पहिचान गरी संघीय संसद्बाट कानुन निर्माण गर्न पहल गर्ने प्रतिबद्धता जाहेर भएको छ । संघीय संसद् र प्रदेशसभा सञ्चालन सम्बन्धी अनुभव आदान-प्रदान तथा प्रथमदेखि सातौं सम्मेलनको घोषणापत्र, अन्तर-व्यवस्थापिका मञ्चको पहिलोदेखि दशौं घोषणापत्र तथा विगतमा भएका कार्यक्रमहरूको समीक्षा गर्दै प्रदेशका ‘उपसभामुखहरूको भूमिका तथा नीतिगत सुधारका सवालहरू’ विषयमा ७ वटै प्रदेशका उपसभामुखहरूले संसदीय अभ्यासलाई अधिकतम प्रभावकारी बनाई सुशासन, विधिको शासन र समृद्धि प्राप्तिका लागि क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्दै घोषणापत्र जारी गरेको छ ।

# प्रदेश सरकारलाई गोदामघर हस्तान्तरण

**पोखरा / मस-** पोखराको पुरानो विमानस्थलस्थित आपत्कालीन गोदामघर गृह मन्त्रालयले गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ। विश्व खाद्य कार्यक्रमको सहयोगमा निर्माण गरिएको गोदाम घर शुक्रबार पोखरामा आयोजित कार्यक्रममार्फत प्रदेशलाई हस्तान्तरण गरिएको हो ।



हस्तान्तरणको क्रममा गृह मन्त्रालय र गण्डकी प्रदेश सरकारबीच ५ बुँदे सहमति भएको छ । गोदाम घरका कर्मचारी र सुरक्षाकर्मीलाई विश्व खाद्य कार्यक्रमले आवश्यक तालिम र प्राविधिक सहयोग गर्ने, गोदाम घरमा विद्यमान सहायता सामग्रीको विवरण प्रदेश विपद् व्यवस्थापन समितिको रोहबरमा प्रदेश सरकारले तोक्ने गोदाम प्रमुखलाई बुझाउने, हस्तान्तरण गरिएका सामग्रीको सुरक्षा, थप सामग्री प्राप्ती, पुनर्भरण, भण्डारण परिचालन, स्तरीकरण, अभिलेख व्यवस्थापन र बीमासम्बन्धी काम प्रदेश सरकारले गर्ने, हस्तान्तरण प्रक्रिया सम्पन्न गर्ने क्रममा आवश्यक समन्वय र सहजीकरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गर्ने र गोदाम घर संचालनसम्बन्धी अन्य व्यवस्था राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत आपत्कालीनगोदामघर सञ्चालन कार्यविधि, २०८१ बमोजिम हुने सहमति छ ।

सहमति पत्रमा गृहमन्त्री रमेश लेखक र मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले हस्ताक्षर गरे । गृहमन्त्री लेखकले राहत र सहायता सामग्री वितरण र व्यवस्थापन सहज बनाउन प्रदेश सरकारलाई हस्तान्तरण गरिएको बताए । जोखिमबाट जनतालाई बचाउन तयार रहनुपर्छ भन्ने उद्देश्यले गोदाम घर बनाइएको उनले बताए। मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गोदाम घर प्रदेश मातहत हुँदा एकद्वार प्रणालीबाट राहत वितरण र उद्धारमा सहज हुने बताए। प्रदेश सरकारको गोदाम घरका सामग्री पनि शुक्रबार हस्तान्तरण भएकै गोदाम घरमा भण्डारण गरिने उनले बताए ।

गत असोज ९ देखि सञ्चालित गोदाम घरमा ७ सय मेट्रिक टन भण्डारण क्षमता छ । गोदाम घर पोखरा विमानस्थलको दक्षिण-पूर्वी भागको १ हजार ५ सय वर्ग मिटर (२ रोपनी) क्षेत्रफलमा बनेको छ । यहाँ कन्टेनर भण्डारण स्थल र सभा कक्षसहितको ४ प्रिफ्याब कार्यालय छन् । यसबाहेक ७ हजार ५ सय लिटर क्षमताको इन्धन भण्डारण ब्ल्याडर छ । गोदाम घर १ लाख ६१ हजार अमेरिकी डलर (करिब २ करोड २५ लाख ४० हजार रुपैयाँ)लागतमा बनाइएको थियो ।

# आलु बेचेर राजश्व उठाउँदै छत्रदेव गाउँपालिका

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, ५ वैशाख

अर्घाखाँचीको छत्रदेव गाउँपालिका व्यावसायिक कृषि, पशुपालन र पूर्वाधारलाई विशेष आधार बनाएर विकासको गतिमा लम्किँदै गएको छ ।



गाउँपालिकाको आठवटै वडामा शिक्षा, स्वास्थ्य, सडक खानेपानीका कामहरुलाई तीव्रता दिँदै अगाडि बढेको पालिका यस वर्षबाट आलु उत्पादन गरेर राजश्व उठाउन सुरु गरेको गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले बताए । व्यावसायिक कृषि पशुपालनमा जोड दिएर गाउँपालिकाको आर्थिक स्तर उकास्नलाई छत्रदेव गाउँपालिकाले आफ्नै लगानीमा आलुखेती सञ्चालन गरेको थियो। आलुखेतीका लागि उपयुक्त रहेको छत्रदेव गाउँपालिका वडा नम्बर ४ मा रहेको फर्शुरामेश्वर गुठीको बाँझो जग्गा भाडामा लिएर आलुखेती सञ्चालन गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले बताए ।

‘गाउँपालिकाको आर्थिक उन्नतीको लागि गाउँपालिकाले कृषि र पशुपालनमा जोड दिँदै आएको छ,’उनले भने, ‘कृषि पशुपालनको प्रचुर सम्भावना रहेको छत्रदेव ३ मा आलुखेती सञ्चालन गरिएको हो ।’ छत्रदेव गाउँपालिका वडा नम्बर ४ को सो बाँझो जग्गामा गाउँपालिकाले ९ क्विइन्टल आलुको बीउ खरिद गरी लगाएको लोकल जातको अर्गानिक आलु झण्डै ६० क्विइन्टल उत्पादन भएपछि गाउँपालिकाले शुक्रबारबाट ४० किलो भन्दामाथि खरिद गर्ने नागरिकलाई ५० रुपैयाँ र सो भन्दा तल खरिद गर्ने नागरिकहरुका लागि ५५ रुपैयाँ मूल्य निर्धारण गरी बिक्रीवितरण सुरु गरेको प्रशासकीय अधिकृत राजन पाण्डेले जानकारी दिए ।

गाउँपालिकाले आलु उत्पादन सुरु गरेपछि गाउँका किसानहरु पनि आलु लगाउन उत्साहित छन्। गाउँपालिकाका अध्यक्ष श्रेष्ठका अनुसार कृषि क्रान्तिलाई मुख्य प्राथमिकतामा राख्दै पालिकाको आर्थिक स्थिति उकास्नेदेखि किसानहरुलाई कृषि खेती गर्नुपर्छ भन्ने उदाहरण दिनका लागि २०८१ सालदेखि सो जग्गामा आलु खेती सञ्चालन गरिएको हो । गाउँपालिकाले आलुखेती सञ्चालन गर्दा सुरुको वर्ष ९ कुइन्टल बीउ खरिद गरेको थियो । सो बिउबाट झण्डै ५० क्विइन्टल आलु यस वर्ष उत्पादन भएको छ । कृषि पशुपालनमा विशेष जोड दिँदै गाउँका बेरोजगार युवायुवतीलाई रोजगारी दिने खालका कामहरु गाउँपालिकाले संचालन गरेको देख्दा आफूहरू खुसी भएको छत्रदेव ४ का युवा भानु पराजुलीले बताए ।

# १० महिनादेखि कर्मचारीले तलब पाएनन्



**झापा / मस-** झापाको केर्खास्थित रतुवामाई वृक्षरोपण आयोजनाका कर्मचारीले १० महिनादेखि तलबभत्ता पाएका छैनन् । गत वर्ष असारदेखि कर्मचारीले कुनै पनि पारिश्रमिक पाएका छैनन् ।

आयोजनामा स्थायी, करार र दैनिक ज्यालादारी गरी ४३ जना कर्मचारी कार्यरत छन्। आयोजना प्रमुख भक्तिप्रसाद गौतमका अनुसार सङ्घीय सरकारले नियुक्त गर्ने पैदावार विकास समितिको अध्यक्ष पद लामो समयदेखि रिक्त हुँदा कार्यक्रम स्वीकृत हुन सकेका छैनन् ।

‘समितिअन्तर्गतको आयोजना भएकाले अध्यक्ष नियुक्त नभएकाले तबल उपलब्ध नहुनुका साथै अन्य कुनै पनि काम अगाडि बढ्न सकेका छैनन्’, उनले भने ।

वृक्षारोपण गर्ने, वनजंगल संरक्षण गरी हुर्काइएको वनबाट काठपात बिक्री गरी तलबभत्ता खाने गरिए पनि कार्यक्रम स्वीकृत नहुँदा लामो समयदेखि काठ बिक्री नभएको आयोजना प्रमुख गौतमले बताए। उनका अनुसार रतुवामाई वृक्षरोपण आयोजनाअन्तरर्गत दुई हजार ७५३ दशमलव ७६ हेक्टर वनक्षेत्र रहेको छ ।

आयोजनाको उक्त वनक्षेत्र पूर्वमा कनकाई नदी, पश्चिममा रतुवा नदी, उत्तरमा चुलाचुली फेदी र दक्षिणी सिमाना पूर्व-पश्चिम राजमार्ग पर्दछ ।

# १२ कक्षाको परीक्षा स्थगित गरिएको छैन: बोर्ड

**काठमाडौं / मस-** वैशाख ११ गतेबाट संचालन हुनेगरी तय भएको कक्षा १२ को वार्षिक परीक्षा स्थगित गरिएको भ्रामक सूचनाप्रति राष्ट्रिय परीक्षा बोर्डले ध्यानाकर्षण भएको जनाएको छ ।

बोर्डले विभिन्न सामाजिक संजालमा सम्प्रेषण गरिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । शुक्रबार बोर्डले विज्ञप्ति जारी गर्दै विद्यार्थीवर्गमा भ्रम सिर्जना हुनेगरी परीक्षा स्थगित गरिएको भ्रामक सूचना संप्रेषण गरिएको भन्दै परीक्षासम्बन्धी आधिकारिक सूचना बोर्डले आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्दै आएको र आगामी दिनमा समेत सो मार्फत सूचना प्रवाह गरिने हुँदा अन्य स्रोतबाट प्रवाह हुने सूचनामा भर नपर्न सरोकारवालालाई आग्रह गरेको छ ।

परीक्षा जस्तो संवेदनशील विषयमा बोर्डको लेटरप्याडमा अध्यक्षको हस्ताक्षर राखी अनधिकृत र भ्रामक सूचना सम्प्रेषण गर्ने उपर साइबर कानुनअनुसार आवश्यक कारवाहीका लागि प्रक्रिया अगाडि बढाइएको छ। बोर्डको आधिकारिक वेबसाइटबाहेक अन्यत्रको समाचार तथा सूचनामा विश्वास नगरी परीक्षाको तयारीलाई धैर्यतापूर्वक निरन्तरता दिन पनि सम्पूर्ण विद्यार्थीहरूलाई अनुरोध गरेका छ ।

# सप्तकोशी बैंक घोटाला प्रकरणमा पूर्वसिइओसहित ३ जना दोषी ठहर

**विराटनगर / मस-** उच्च अदालत विराटनगरले सप्तकोशी डेभलपमेन्ट बैंकको रकम हिनामिना प्रकरणमा बैंकका पूर्वप्रमुख कार्यकारी अधिकृत नवीन सुवेदीसहित ३ जनालाई कैद र जरिवाना तोकेको छ ।

उच्च अदालतका रजिष्ट्रार जगदीशप्रसाद भट्टका अनुसार अदालतका कायममुकायम मुख्य न्यायाधीश ध्रुवराज नन्द र न्यायाधीश राज्यलक्ष्मी बज्राचार्यको संयुक्त इजलासले बैंकका पूर्वसिइओ सुवेदीसहित प्रबन्धक तथा लेखा विभाग प्रमुख देवीप्रसाद भण्डारी र सामान्य सेवा विभागका सुपरभाइजर हिमाल भट्टराईलाई दोषी ठहर गर्दै कैद र जरिवाना हुने फैसला गरेको हो ।

तीनै जनाविरुद्ध अदालतमा बैंकिङ कसुर मुद्दा दर्ता भएको थियो । रजिष्ट्रार भट्टका अनुसार सजाय निर्धारण गर्दा सुवेदीलाई ४ र अन्य दुई जनालाई ३ वर्षको कैद फैसला भएको हो ।

अदालतले तीनै जनाको हकमा जनही ५ करोड २३ लाख २५ हजार ९ सय ९२ रूपैयाँ बिगो कायम गरेको छ । बिगो बराबर जरिवाना हुने फैसला पनि भएको रजिष्ट्रार भट्टले जानकारी दिए ।

१२ जनालाई प्रतिवादी बनाएर दर्ता गरिएको मुद्दामा ९ जनाले भने सफाइ पाएका छन् । उच्च अदालतबाट २०८१ माघ ३० गते तीनै जना कसुरदार ठहर भएका थिए । सुवेदीसहितले बैंकको रेमिट्यान्सतर्फको ‘पार्किङ एकाउण्ट’बाट १५ करोड ७५ लाख ४० हजार ५ सय ७५ रुपैयाँ अपचलन गरेको अनुसन्धानबाट खुलेको थियो । रकम घोटालामा संलग्नलाई कैद र १५ करोड ७५ लाख ४० हजार ५ सय ७५ रूपैयाँ बिगो मागदाबीसहित उच्च अदालतमा मुद्दा दायर भएको थियो । उच्च अदालतले सुवेदी, भण्डारी र भट्टराई गरेर ३ जनालाई मात्रै थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न आदेश गरेको थियो । ९ जना भने अदालतले मागेको धरौटीबापतको रकम तिरेर छुटेका थिए ।

# आङ खस्ने समस्या भएका १४ जनाको नि:शुल्क शल्यक्रिया

**संखुवासभा / मस-** जिल्ला अस्पताल संखुवासभामा आङ (पाठेघर) खस्ने समस्या भएकाको नि:शुल्क शल्यक्रियाको व्यवस्था गरिएको छ । यसबाट आर्थिक अभाव र विभिन्न समस्याका कारण लामो समयदेखि रोग लुकाउनुपर्ने बाध्यतामा रहेका महिला लाभान्वित हुन थालेका छन् ।

यहाँका १४ जनाका नि:शुल्क शल्यक्रिया गरिएको अस्पताल प्रमुख सन्तोष देवले जानकारी दिए ।




आङ खस्ने समस्या रहेका तर आर्थिक समस्याका अन्यत्र गएर उपचार गर्न नसकेकाहरू यसबाट लाभान्वित भएका उनले बताए । ‘हामीले उपचार मात्रै होइन, उपचारपश्चात् एक हजार ५०० खर्चसमेत उपलब्ध गराउँछौं । खानबस्नको व्यवस्था मिलाइएको छ । यसबाट गत वर्ष छ जना र यस वर्ष १४ जनाको नि:शुल्क शल्यक्रिया गरिएको छ’, अस्पताल प्रमुख देवले बताए ।

यसका लागि पहिले गाउँपालिकास्तरमा स्वास्थ्य शिविर आयोजना गर्ने गरिएको छ। यसै क्रममा यहाँको खाँदबारी नगरपालिकाको शिविरबाट पाँच, सिलिचोङ गाउँपालिकाका पाँच, मादी, पाँचखपन नगरपालिका तथा मकालु र सभापोखरी गाउँपालिकाका एक/एक जना लाभान्वित भएका छन्। शिविरमा २५ जनाको आङ खस्ने समस्या पहिचान भएको र बाँकीको चाँडै शल्यक्रिया गरिने अस्पतालले जनाएको छ ।

अस्पतालमा हाडजोर्नी विशेषज्ञ सेवा, बालरोग, सामान्य शल्यक्रिया, फिजियोथेरापी, प्रसूतिलगायत सेवा सञ्चालनमा छन्। यहाँ जिल्लाका १० स्थानीय तहमात्रै नभई छिमेकी जिल्ला भोजपुरका नागरिकले पनि सेवा लिने गरेका छन् ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८२/०१/६**

यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व.२०८१/०८२ मा संकलन भई गन्यापधुरा गा.पा. १ मा राखेको सल्ला प्रजाति गोलिया थान १२२ को १७२८.५ क्यु फिट सल्लो जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र खरीद गरी १६औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागी सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री निलपाल सा.व.उ.स गन्यापधुरारा गाँउपालिका वडा नं. १, डडेल्धुरा**

**Saudi मा रोजगार** Resources Promise Operation & Maintenance Co.

पुर्व स्वीकृती मिति: २०८२/१/५ चलानी नं.६०२३६२२३ LT No.: 322115

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Bus Drivers | 40 | काममा दक्ष | 1500 | ५४,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०८२ बैशाख १३ गते (26 April, 2025) यस प्रा. लि. को कार्यलय महालक्ष्मीस्थान, ललितपुरमा हुनेछ ।

TAKURA overseas
Govt. Lic. No. : 1538/078/079
**Takura Overseas Pvt. Ltd.**
Mahalaxmisthan-15, Lalitpur, Tel : 01-4529674, 4529675
Mob.No: 9802325537, Email: sd.takuraoverseas@gmail.com

# ‘के घर के डेरा : घर नं २’मा सामाजिक कथा

**काठमाडौं/मस-** चलचित्र ‘के घर के डेरा : घर नं २’ जेठ २ गते रिलिज हुँदै छ। केही दिन अगाडि टिजर रिलिज गरेको निर्माणपक्षले घर नं २ लाई जेठ २ गते रिलिज गर्दैछ। दीपेन्द्र के खनालले निर्देशन गरेको चलचित्र ‘के घर के डेरा : घर नं २’को विषयलाई लिएर दर्शकमा कौतुहलता देखिएको छ। ‘पशुपतिप्रसाद १’को झल्को टिजरले दिएको भनेर सिनेमाको चर्चा भइरहेको छ।

‘के घर के डेरा : घर नं २’ दुई वर्ष अगाडि रिलिज भएको ‘के घर के डेरा’को सिक्वेल हो अथवा नयाँ हो ? यसमा धेरैको जिज्ञासा छ। किन भने टिजरले ‘के घर के डेरा : घर नं २’ सिक्वेल भएको संकेत गर्दैन। तर, नामले भने सिक्वेल भएको जनाउँछ।

निर्देशक दीपेन्द्र के खनाल ‘के घर के डेरा : घर नं २’ सिक्वेल नभएको बताउँछन् । ‘यो के घर के डेराको सिक्वेल होइन । घर र डेराको कुरा



सिनेमामा छ । तर, यो के घर के डेराको सिक्वेल होइन,’ उनी भन्छन्, ‘यो बिलकुल नयाँ सिनेमा हो । नयाँ कथा हो। यो सिनेमाले नयाँ कथा लिएर आउँछ।’ ‘के घर के डेरा’ कमेडी बेसमा बनेको सिनेमा भएको भन्दै निर्देशक दीपेन्द्र ‘के घर के डेरा : घर नं २’ सोसल ड्रामा भएको प्रष्ट पार्छन्। आफ्नो पहिचान झल्कने सिनेमा ‘के घर के डेरा : घर नं २’ भएको उनी बताउँछन् ।

‘यसमा मेरो ओर्जिनल फ्लेबर आउँछ। म जसरी आफूलाई मन लागेको सोसल ड्रामा भन्दै आएको थिएँ,’ उनी भन्छन्, ‘यो सिनेमा मार्फत म आफ्नो जनरा सिनेमामा फर्किएको छु।’

सिनेमाको कथा साहित्यकार बुद्धिसागरले लेखेका छन् । उनको यो पहिलो स्क्रिप्ट हो ।

चलचित्रमा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, उपासना सिंह ठकुरी, आर्यन सिग्देल, केकी अधिकारी, प्रकाश घिमिरे, श्रृजना नापित, संजोग रसाइली, रुविना घिमिरे, सुरज विष्टलगायत कलाकारलगायतको अभिनय छ ।

चलचित्र एप्पल इन्टरटेन्मेन्ट, ए प्लस इन्टरटेन्मेन्ट तथा नटराज क्रिएसनको प्रस्तुतिमा निर्माण भएको हो । चलचित्रको कथा ‘कर्णाली ब्लुज’, ‘एक्लो’ र ‘फिरफिरे’ उपन्यासका लेखक बुद्धि सागरले लेखेका छन् । उनको यो पहिलो सिनेमा हो ।

कृष्णबहादुर थापाको सिनेमामा छायांकन रहेको छ । ‘के घर के डेरा : घर नं २’को निर्मातामा नकिमउद्दिन, शरद श्रेष्ठ र किरण महर्जन छन् । कार्यकारी निर्माताको रूपमा युवराज कार्की छन् ।

# जापानी अभिनेत्री माहोले नेपाली टेलिचलचित्रमा डेब्यू गर्दै

**काठमाडौं/मस-** नेपाली टेलिचलचित्र ‘मनको बाँध’मा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त अभिनेत्री माहोको अभिनय देख्न पाइने भएको छ । विश्वप्रसिद्ध स्ट्रिमिङ प्लेटफर्म नेटफ्लिक्सको ‘अफलाइन लभ’मा अभिनय गरेकी उनले नेपाली टेलिचलचित्रमा काम थालेकी हुन् ।



जापानी अभिनेत्री माहोको अफलाइन लभ सिरिज पछिल्लो समय दर्शकहरुको प्रशंसाको विषय बनेको छ। विश्वकै प्रतिष्ठित फेसन प्लेटफर्म पेरिस फेसन विकमा सहभागी रहेकी माहो मोडलिङ क्षेत्रमा समेत उतिकै सक्रिय छिन् ।


फेसन र डिजिटल दुनियाका ख्यातिप्राप्त उनको अभिनय रहेको मनको बाँध वैशाख ६ गते शनिबार युट्युब च्यानल फोकस पिक्चर्समार्फत देख्न सकिनेछ। नेपाली टेलिचलचित्र मनको बाँधको नयाँ अंक बेलुकी ७ बजे प्रशारण हुँदैछ ।

‘कोठा भाडामा बस्ने सामान्य परिवारको कथा बस्तुमा तयार गरिएको नेपाली टेलिचलचित्रमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त कलाकारको अभिनय जोड्न पाउनु खुसीको विषय हो,’ निर्देशक प्रदीप खड्गीले बताए । नेपाली रंगमन्चमा विदेशी कलाकार हरुको डेब्यू गराएर टेलिचलचित्रमा पृथक गर्न खोजिएको निर्देशक खड्गीको भनाइ छ ।

उनले यसअघि नेपाली ऐतिहासिक चलचित्र कीर्तिपुर द लिजेन्ड अफ कीर्तिलक्ष्मी, नेपाली थ्रीलर मुभि अपीच्य, बहुभाषी चलचित्र हिमआँधी लगायतका ठूला पर्दाका चलचित्र निर्देशन गरिसकेका छन् ।

# ‘जानै लाग्यो वैंश रिमई’ सार्वजनिक

**काठमाडौं/मस-** गायक तथा संगीतकार हेमन्त कान्छा रसाइलीको ‘जानै लाग्यो वैंश रिमई’ बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ । बिदाइको समयमा हुने रुवाबासी र मन कटक्क खाने दृश्यहरुसहितको भिडियोमा गायक तथा सारंगीवादक हेमन्त कान्छा रसाइली र गायिका देवीघर्तीको जादुमयी स्वर सुन्न सकिन्छ ।



गीतमा राजकुमार बगरका शब्द सिर्जना रहेको छ भने मिक्सिङ र मास्टरिङ एचबिएन किस्मतको रहेको छ । गायक स्वयंकै संगीत रहेको गीतको भिडियोमा हेमन्तसँग लक्ष्मी थापा मगरको अभिनय देख्न सकिन्छ। मोडलद्वय हेमन्त र लक्ष्मी मज्जैसँग अभिनयमा खुलेका छन् ।

भिडियोमा एक प्रेमील जोडीको प्रेमील कल्पना, मायामा डुबेको प्रेमजोडी र रोमान्सले भरिएको समयदेखि छुट्दासम्मको विरहको गाथालाई निर्देशक एकिन्द्र शाराशंकरले कलात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

करन चैसियारको छायांकन, प्रविण भट्टको सम्पादन तथा कलर रहेको सार्वजनिक गीतको भिडियो गायक रसाईली स्वयमकै युट्युब च्यानलबाट बजारमा आएको हो ।

# चलचित्र ‘अञ्जिला’ पोर्चुगलमा प्रदर्शन हुँदै

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ५ वैशाख

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्र ‘ अञ्जिला’ युरोपेली मुलुक पोर्चुगलमा पनि प्रदर्शन गरिने भएको छ ।

नेप्स इन्टरटेन्मेन्ट र धरान फुटबल क्लब पोर्चुगलको संयुक्त संयोजनमा राजधानी लिस्बनस्थित ‘सिनेमा आइडल’ मा यही अप्रिल २० र २१ तारिखका दिन प्रदर्शन गरिने भएको हो । कप्तान एञ्जिलाको विशेष उपस्थितिमा चलचित्र प्रदर्शन गर्न लागिएको पोर्चुगल संयोजक अरुण राईले




जानकारी दिए ।

नेपाली चलचित्रको प्रबर्द्धन गर्न र कप्तान सुब्बालाई प्रोत्साहनका साथै घर निर्माणमा सहयोग गर्ने उद्देश्यले चलचित्र प्रदर्शन गर्न लागिएको राईले बताए। उनले चलचित्र हेरेर राष्ट्रिय फुटबल टिमकी कप्तान सुब्बालाई प्रोत्साहन गर्न र नेपाली चलचित्रलाई प्रबर्द्धन गर्न पोर्चुगलबासी नेपालीलाई आग्रहसमेत गरे । चलचित्र ‘अञ्जिला’ कप्तान एञ्जिला सुब्बाको खेल जीवनको संघर्ष र सफलतामा आधारित रहेको छ ।

एञ्जिला आफैंले प्रमुख भूमिका निर्वाह गरेको चलचित्रमा सुनील थापा, विजय बराल, सृजना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङलगायतका कलाकारले अभिनय गरेका छन्। मिलन चाम्सले निर्देशन गरेको चलचित्र सुदीप बरालले छायांकन र मिलन श्रेष्ठले सम्पादन गरेका हुन् ।

मुनलभ इन्टरटेन्मेन्टको ब्यानरमा बनेको चलचित्रको निर्माता प्रेम कुमार श्रेष्ठ हुन् भने विनोद अग्रवाल, टुबेन्द्र लिम्बु र राजेश बगडिया सह-निर्माता हुन् । उक्त चलचित्र गत फागुन २९ गते देखि नेपालसहित विश्वभर प्रदर्शनमा आएको हो ।

# प्रिया र मनिषको आवाजमा ‘काठमाडौंको हिरोइन’



**काठमाडौं/मस-** गायक मनिष श्रेष्ठ र गायिका प्रिया सेन्चुरीको स्वरमा नयाँ गीत ‘काठमाडौंको हिरोइन’ सार्वजनिक गरिएको छ । मनिष श्रेष्ठको युट्युबमा सोमबार गीतको भिडियो सार्वजनिक गरिएको हो । गीतमा गायक मनिषकै शब्द र संगीत छ भने संगीत निर्माता बादल थापा हुन् ।

गीतको भिडिओलाई निर्देशनको काम पनि गायक मनिषले नै गरेका छन् । यस्तै भिडियोमा मनिषसँगै सन्जना गुरुङ र जुना कार्कीले अभिनय गरेका छन्। अमन बडुले खिचेको भिडिओ नबिन निरौलाले सम्पादन गरेका हुन् ।

## विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका सीमान्तकृत समूहका, अपाङ्गता भएका वालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गजुरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**सिमरा भवानीपुर, रौतहट**
**मधेश प्रदेश, नेपाल**

### आ.ब. २०८१/०८२ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धि बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०६**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) को (६) बमोजिम गुजरा नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिट्टी, बालुवा (दहत्तर वहत्तर समेतको) लगायतका नदीजन्य सामग्रीहरुको बिक्रीबाट कर/शुल्क/दस्तुर संकलन गर्न चालु आ.ब. २०८१/०८२ को जेठ मसान्तसम्मको लागि आन्तरिक आय ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले तपसिलमा उल्लिखित ठेक्का विवरण र शर्तहरको अधिनमा रही इच्छुक योग्य फर्म वा कम्पनीहरुले कार्यालयबाट बोलपत्र फारम खरिद गर्दा फर्म दर्ता तथा नविकरण गरेको प्रमाणापत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिबृद्धि कर (VAT) को प्रमाणित प्रतिलिपि, व्यवसाय दर्ताको नविकरण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि, आ.ब.०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित सो फर्म वा कम्पनी कार्य योग्य भएको र कालो सूची (Black List) मा नपरेको स्वघोषणा (Declaration) पत्र लेटर प्याडमा निवेदन सहित तोकिएको दस्तुर रकम यस कार्यालयको NIC ASIA BANK मा आन्तरिक राजश्व खाता नं. २१७२०५०००२८४४५००२ मा जम्मा गरेको बैंकको सक्कल भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी बोलपत्र खरिद गरी रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि १५ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. आर्थिक वर्ष | ठेक्काको कार्य क्षेत्रको विवरण/स्थान | बोल कबोल गर्नुपर्ने न्युनतम रकम अंक बार्षिक (VAT) बाहेक | बोलपत्र फारम दस्दुर | दैनिक उत्खन्न गर्न सकिने घनमिटरमा | जेठ मसान्त सम्म उत्खन्न गर्नुपर्ने घनमिटरमा | धरौटी राख्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| १. | ०८-०८१/०८२ | लालबकैया नदीको क्षेत्राधिकार | ११,७३,५०४।- | ३०००/- | १८३.३६ घ.मि | ५८६७.५२ घ.मी | बोल कबोल रकमको ५% |
| २. | ०९-०८१/०८२ | धन्सर खोला क्षेत्राधिकार | १९,१३,३४४।- | ३०००/- | २९८.९६ घ.मि | ९५६६.७२ घ.मी | |

**नोटः- विस्तृत जानकारीका लागि यस कार्यालयलको** Website:gujaramun.gov.np **मा** visit **गर्नुहोला वा मोबाईल नं ९८६६१२१५२५ सम्पर्क राख्नुहोला ।**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**